वर्ष ९ अंक ७ पूर्णाङ्क ५१ फागुन/चैत्र २०६३

बौद्ध मासिक

# धर्मचक्षु

(दिवंगत सेतुली शाक्यमा श्रद्धाञ्जली)




Photo Zenith / Pkr. / 521570

# DHARMA CHAKSHU

Wondershare PDFelement

# बौद्ध शास्त्र त्रि-पिटक र शाखाहरू

**सुत्तपिटक :**

१- दीघनिकाय
२- मज्झिमनिकाय
३- संयुत्तनिकाय
४- अङ्गुत्तरनिकाय
५- खुद्दकनिकाय

१- खुद्दकपाठ
२- धम्मपद
३- उदान
४- इतिवुत्तक
५- सुत्तनिपात
६- विमानवत्थु
७- पेतवत्थु
८- थेरगाथा
९- थेरीगाथा
१०- जातक
११- निद्देस
   - १- महानिद्देस
   - २- चुल्लनिद्देस
१२- पटिसम्भिदामग्ग
१३- अपदान
१४- बुद्धवंस
१५- चरियापिटक

**विनयपिटक :**

१- पाराजिकपालि } सुत्तविभङ्ग
२- पाचित्तियपालि } सुत्तविभङ्ग
३- महावग्गपालि } खन्धक
४- चुल्लवग्गवालि } खन्धक
५- परिवारपालि

**अभिधम्मपिटक :**

१- धम्मसङ्गणि
२- विभङ्ग
३- धातुकथा
४- पुग्गलपञ्जत्ति
५- कथावत्थु
६- यमक
७- पट्ठान

बौद्ध मासिक

# धर्म चक्षु

THE DHARMA CHAKSHU Buddhist Monthly – Pokhara, Nepal

धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा फोन: ५२०५१७

वर्ष - ९, अङ्क - ७, पूर्णाङ्क - ५१ फागुन/चैत-२०६३

बुद्ध संवत-२५५० ने.सं. ११२७ / Feb: 2006

**प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द- ५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

**व्यवस्थापक**

अनागारिका कर्मशीला

(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

(विकाशरत्न शाक्य, चेतन सि ताङ्वे, बलराम लामा)

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा शाक्य

**सहयोगीहरू**

याम कुमारी गुरुङ्ग, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक: तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

फोन:- ५२०२४६

**मुद्रण**

हिमालय अफसेट प्रेस

नयाँ बजार, पोखरा फोन : ५२०६५१

## विषय सूची

- सम्पादकीय.............................................२
- यात्रामार्ग फरक गन्तव्यस्थान एउटै — भूपनिधि पन्त........३
- बुद्ध दर्शनमा राज्य सञ्चालनको बिधि — तिलक पराजुली.......५
- बौद्ध दर्शनमा धर्म निरपेक्ष राज्य — डा. गेहेन्द्रमान उदास.....८
- क्षेत्रीय सम्मेलनले दिएको सन्देश — सुवर्ण बज्राचार्य..........१०
- आमाका बारे लेख्नुपर्दा — विश्व शाक्य.......१३
- फोटोहरु ..........................१९
- बौद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र......... — वासुदेव गौडेल......२५
- बौद्ध दर्शनको अनुशरणबाट दिगो शान्तिको अपेक्षा — तिलकमान गुभाजू....२७
- समाचार ................

धर्मचक्षुको यो अङ्क दिवंगत सेतुली शाक्यका परिवारजनद्वारा प्रायोजन गरिएको हो ।

# बौद्ध संघ संस्थाहरूको सक्रियताको अपेक्षा

समय परिवर्तनशील छ। परिवर्तनशील समयकासाथ आफु जान हामीले पनि आफ्नोपनमा, स्वभावमा र गतिबिधिमा केही गति थप्नु आवश्यक छ। समयको प्रवाहका साथ प्रवाहित हुन सकेन भने पछि परिन्छ, यो निश्चय छ। अगाडि जान खोज्नेहरु पछि पर्‍यो भने त्यसको परिणाम के होला, यो सबैलाई थाहा छ। यस्तो कुरामा पछि पश्चाताप गरेर हुने होइन, बरु समय हुँदै समयका साथ जानु उचित हो, बुद्धिमानी हो। गत पुस महिनाको २२ र २३ गते पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम, पोखरामा संपन्न पहिलो पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलनले बौद्ध संघ संस्था र नेतृत्वहरुमा रहेका व्यक्तित्वहरुलाई सक्रिय हुन, आफ्नो सक्रियतामा गति थप्न र देश धर्मनिरपेक्ष भएको परिप्रेक्ष्यमा अरु उत्साहित भै अघि बढ्न आव्हान गरेको छ।

बुद्धधर्मको विकासमा पश्चिमाञ्चल क्षेत्रको देन महत्वपूर्ण छ। यस क्षेत्रमा भगवान बुद्धको जन्मस्थल लुम्बिनी हुनु हाम्रो ठूलो सौभाग्य हो। प्रारम्भिक कालमा बुद्धधर्म कपिलवस्तु र देवदहबाट उत्तरतिर गएर पूर्व र पश्चिम फैलिएको थियो। काठमाण्डौमा पुगेर यो धर्मले जरा गाडेर बस्यो भने पश्चिमको कर्णाली प्रदेशमा एकताका यसले राज्य धर्मको रुप पनि ग्रहण गर्‍यो। उत्तरतिरका मनाङ, मुस्ताङ र गोर्खा जिल्लाको सुदूर उत्तरतिर हेर्दा आजपनि हामी ५०० वर्ष भन्दा पुराना गुम्बा चैत्यहरु दर्जनौंका संख्यामा पाउन सक्छौं। त्यहाँ १००० भन्दा पुराना स्मारकहरु पनि छन्। कुनै गुम्बा त १५०० वर्षभन्दा पुराना भएको पनि औल्याउने गर्दछन्। ती सबैले त्यसबेला बुद्धधर्म के-कस्तो अवस्थामा थियो भन्ने कुरा प्रष्ट इङ्गित गर्दछ। तर अहिले मध्ये भागमा त्यत्ति प्राचीन कुनै बौद्ध स्मारकहरु नभेट्टाउनुको अर्थ के हुन सक्छ? कपिलवस्तु जहाँबाट पहिले बुद्ध धर्म सबैतिर फैलिएको थियो, त्यहीं बौद्धहरुको संख्या सबभन्दा थोरै भएको तथ्याङ्क बाहिर आएको छ। यी कुराहरु एक ठूलो चुनौतीका रुपमा हाम्रो सामु आएको छ।

यी चुनौतीको सामना गर्न सक्रियता चाहिन्छ, संगठन चाहिन्छ सबल र सक्षम नेतृत्व चाहिन्छ। त्यसको खोजी र विकास गर्नु अहिलेको आवश्यकता हो। यसलाई बौद्धहरुले गम्भीरतापूर्वक लिनु पर्दछ। पश्चिमाञ्चल बौद्ध सम्मेलनले जुन ताजा सन्देश दिएको छ, त्यसलाई सेलाउन नदिई आ-आफ्नो क्षेत्रमा, ठाउँमा केही न केही कार्यक्रमहरु राखेर अघि बढ्नु पर्दछ। त्यसको लागि बरु सहयोगको आदान प्रदान गर्न सकिन्छ। विचार विनिमय गर्न सकिन्छ। धर्म देशना गर्ने, प्रवचनकर्ता र प्रशिक्षकको आवश्यक भए त्यसलाई पनि पूर्ति गर्न सकिन्छ। भगवान बुद्धले सबैभन्दा ठूलो कुरा मन हो भन्नु भएको छ। मन बनाउनु पर्दछ। मनले हामीलाई डोर्‍याउँछ र चाहेको कुरा पनि पुर्‍याउँछ। यसैलाई हृदयंगम गरेर बौद्ध संघ संस्थाहरु अघि बढ्नु पर्दछ। पश्चिमाञ्चल बौद्ध सम्मेलनले सबैको सक्रियताको ठूलो अपेक्षा राखेको स्मरणीय छ।

# यात्रा-मार्ग फरक गन्तब्यस्थान एउटै

*- भूपनिधि पन्त*

सृष्टिको आदिकालदेखि नै मानिसहरु आध्यात्मिक वा भौतिक अस्तित्वको निम्ति अनवरत संघर्ष गर्दै गोता लगाइरहेका छन्। तिमी जे चाहन्छौ त्यो वस्तु तिमीले प्राप्त गर्न सक्दछौ भन्ने हाम्रो नीति वाक्य छ। तर प्राप्त गर्न भने त्यति सजिलो देखिदैन। परन्तु जिज्ञासुहरुले त्याग, तपस्या र बलिदान गरेर लक्ष भेदन गरेकै हुन्छन्। यस्ता कर्मठ व्यक्तिहरु मध्ये आध्यात्मिक क्षेत्रमा सर्वोच्च उपलब्धि हासिल गरेका थोरै मात्र महामानवहरुले यो ससारमा अमरत्व प्राप्त गरेका हामी पाउँछौ। भौतिक क्षेत्रमा उपलब्धि हासिल गर्नेहरु पनि कम वन्दनीय छैनन्। लोकोपकार मा तिनीहरुको पनि महत्वपूर्ण स्थान रहेको छ। तर भौतिक सम्पदामा बेलावखत विवादको श्रृष्टि हुने र हेछ। यसको प्रतिफल संघर्ष र युद्ध अनि आखिर विनाश पनि हुनसक्ने भएकाले भौतिक उन्नति चिर स्थायी नहुने रहेछ। आध्यात्मिक सिद्धान्तको मूल लक्ष्य "बाँच र बाँच्न देउ" सँग सम्बन्धित भएको हुँदा यस भित्र संधै हामी अमरत्वको सन्देश प्राप्त गर्दछौं। यस्ता महात्माहरु मध्ये दुईजना व्यक्ति राजा जनक र भगवान बुद्धलाई एकै ठाउँमा राखेर म तुलनात्मक रुपमा हेर्ने प्रयास गर्दैछु।

समयको दृष्टिले हेर्दा राजा जनक त्रेतायुगका मानिन्छन्। भगवान बुद्ध यसै युगका ई.पु. ५६३ का हुन्। मिथिला नरेश राजा जनक वर्तमान समय हाम्रै नेपाल अन्तर्गत पर्ने जनकपुरका राजा थिए। भगवान बुद्ध कपिलवस्तुका राजा शुद्धोदनका सुपुत्र हुन्। उनको जन्मस्थान लुम्बिनी हो। उक्त दुबै ठाउँ वर्तमान समय नेपाल भित्रै पर्दछ। उक्त दुबै व्यक्तित्व आत्मज्ञान प्राप्त गरेका महापुरुष हुन्। तर यिनीहरुको यात्रामार्ग भने एकै किसिमको छैन। राजा जनकले आफ्नो राजकाज चलाउँदै दरबारमा बसेर महर्षि याज्ञवल्क्य तथा अन्य पण्डितहरुका साथ शास्त्रार्थ गर्दै आत्मशुद्धि गरेर आखिर अष्टावक्रको उपदेश द्वारा ज्ञान प्राप्त गरेको पाइन्छ भने भगवान बुद्धले राजदरवारको परित्याग गरी दक्षिण दिशातर्फ लागेर अलारकालम तथा उद्दक रामपुत्तक र श्वास-प्रश्वासका अनुभवी प्राणायामकर्ताहरु सँग ध्यान तथा प्राणायामको प्राथमिक दीक्षा लिएर आत्मसाधनाद्वारा कठिन तपस्या गरेर ज्ञान प्राप्त गरेको हामी पाउँछौं। उक्त दुबै सिद्ध पुरुषहरुले आफूले ज्ञान प्राप्त गरेपछि व्यक्त गरेका अनुभूतिहरु प्रसङ्गवश म यहाँ व्यक्त गर्न चाहन्छु।

राजा जनकले ज्ञान प्राप्त गर्नको निम्ति प्रशस्त धन सम्पत्ति खर्च गरेका थिए। भनिन्छ हजारौं गाईको सिङमा सुनको खोल हालेर उनले आत्मबोध गराउन सक्ने महर्षि र पण्डितहरुलाई आकर्षित गरेका थिए। उनको जिज्ञासालाई क्रमशः शान्त पार्ने व्यक्ति महर्षि याज्ञवल्क्यले राजा जनकको धन सम्पत्ति धेरै हातलागि पारेका थिए। तर राजा जनकको आध्यात्मिक भोकलाई याज्ञवल्क्यले पूर्णतः तुष्टी दिन सकेको पाइदैन। एकदिन महर्षि अष्टावक्र राजा जनकको दरवारमा पुगे। अष्टावक्र सँग पहिलो भेटमै राजा जनकले प्रश्न गरे- हे प्रभु ज्ञान कसरी प्राप्त हुन्छ ? मुक्ति कसरी पाइन्छ ? वैराग्य कसरी प्राप्त हुन्छ ? यहि तीन प्रश्नभित्र आध्यात्मको सम्पूर्ण सारांश समाहित भएको थियो। अस्टावक्रले तत्काल जवाफ दिए- हे राजन, यदि तिमी मुक्ति चाहन्छौ भने विषयलाई विष समान छाडिदेउ। क्षमा, सरलता, दया, सन्तोषलाई अमृत जस्तै मानेर सेवन गर्ने गर। उनले अरु अगाडि भने-तिमी केवल पञ्चतत्वका पुतला होइनौं, बरु मुक्तिको निम्ति तिमीले यी सबैको साक्षीको रुपमा आफूलाई चैतन्य रुपमा जान्ने प्रयास गर। यसपछि अष्टावक्रको परीक्षामा राजा जनक पास हुँदै गए। अनि उनले आफूलाई महासागर र आकाश भन्दा पनि ब्यापकरुपमा अनुभूति गरे। उनले आफूबाहेक संसारमा अरु कसैलाई

चिरस्थायी रुपमा देखेनन् । यहाँसम्म कि ब्रम्हा, विष्णु र महेश्वरलाई पनि उनले विर्सिए । अन्तमा उनी भन्छन्- सर्वदा स्थिर, अखण्ड रुप र स्वास्थ्य मेरो निम्ति कहाँ निवृत्ति छ ? कहाँ मुक्ति छ ? र कहाँ बन्धन छ ? ज्ञानको अन्तिम अवस्थामा पुगे पछि विचारको तरङ्ग यसरी शान्त हुने रहेछन् ।

राजा जनकको भन्दा बुद्धको ज्ञान प्राप्तिको मार्ग अलि भिन्न प्रकारको छ । बुद्धका उपदेशक कोहि छैनन् । उनको साथमा पाँचवर्ष अघि देखि तपश्यामा संलग्न भएका परिव्राजकहरु पनि बुद्धले आत्मपीडनको जीवन परित्याग गरेर शरीर रक्षाका लागि खाना खान थालेपछि तिनीहरुले बुद्धलाई छाडेर हिडे । त्यसबेला सम्म बुद्धले बोधिसत्व प्राप्त गरिसकेका थिए । आवश्यकतानुसार भोजनको प्रबन्ध गरेर गयामा पुगी पिपलको वृक्षमुनी समाधि लगाएर बुद्धले चालीस दिनसम्म बुद्धत्व प्राप्त गर्ने प्रयास गरे । चारहप्ता पुगेपछि अन्तिम रातमा बुद्धले आत्मज्योति प्राप्त गरे । उनको मन मष्तिष्कमा अन्धकारको नामनिशान बाँकी रहेन । नवीन प्रकाशको उदय भयो । अविद्याको नाश भयो । ज्ञान अस्तित्वमा आयो । उनले आफ्नो अगाडि एउटा नयाँ मार्ग देखे । संसारमा दुःख र कष्ट रहेछ । के कारणले मानिसले दुःख र कष्ट भोग्नु परेको हो ? संसारबाट दुःख कसरी हटाउने र दुःखको नाश कसरी गर्ने ? बुद्धलाई स्वतः यस्ता प्रश्नहरुको उत्तर प्राप्त भयो । यसपछि बुद्धलाई सम्यक सम्बुद्ध मानिएको छ ।

भगवान बुद्धले सारनाथमा गएर आफ्नो साथ तपस्या गर्दा गर्दै हिंडेका पाँचजना परिव्राजकहरु समक्ष दुःखको अस्तित्वको स्वीकृति र "दुःख नाश गर्ने उपाय देखाउनु नै मेरो धर्मको आधारशीला हो" भनी उनले आफ्नो धर्मलाई "मध्यम मार्ग" र आफूलाई त्यही मार्गको उपदेशक वताएका छन् । यसपछि बुद्धले पवित्रताको पथ "पञ्चशील" सम्यकवाणी, शीलमार्ग, अष्टाङ्गिक मार्गका वारेमा उपदेश दिए । बुद्धको उपदेश सुनेपछि तिनै पाँचजना परिव्राजक बुद्धद्वारा दीक्षित भिक्षु बने । तिनीहरुलाई साथ लिएर बुद्धले आफ्नो शेष जीवन पैंतालीस वर्ष सम्म पैदल यात्रा गर्दै मानव कल्याणमा आफ्नो सेवा समर्पित गरेका थिए ।

जिज्ञासुहरुबाट प्रश्न उठ्न सक्छ- राजा जनकले पाएको ज्ञान र बुद्धले पाएको ज्ञानमा के अन्तर छ त ? मलाई लाग्दछ यात्रामार्ग निश्चय नै फरक छ तर प्राप्तिमा कुनै प्रकारको भिन्नता छ जस्तो मलाई लाग्दैन । राजा जनकले निष्काम कर्मयोगीको रुपमा राज्य संचालन गरे । बुद्धले निष्काम भावना लिएर यात्रा गर्दै दुःखी पीडितहरुलाई उपदेश दिएर लोकको सेवा र कल्याण गरे । फरक के छ भने आजको संसारमा राजा जनकको दर्शन सिद्धान्तमा मात्र सीमित रहेको छ, तर बुद्धको दर्शन व्यवहारिक रुपमा विस्तारित हुँदै विश्वव्यापी रुपमा फैलिएको छ । भौतिक युगमा द्वन्दको खिचातानी भैरहन्छ । यसबाट संघर्ष उत्पन्न हुन्छ र अन्तमा युद्ध हुन्छ । अहिंसा र शान्तिलाई मध्यनजर राखेर बुद्धधर्मले मानव कल्याणको निम्ति मानवताको पाठ सिकाउने हुँदा यसले विश्वको तनावलाई कम गर्दछ र युद्धलाई रोक्न बुद्धका उपदेशलाई महत्वपूर्ण साधनको रुपमा प्रयोग गर्न सकिन्छ ।

यसै प्रसंगमा हामीले सम्झनुपर्ने महत्वपूर्ण विषय के छ भने जब हामी आध्यात्मिक चिन्तनको निम्ति योगाभ्यास र समाधिद्वारा आफूतिर फर्कन्छौं, त्यस बखत हामीले आफू भित्रका कलुषित विकृति र विचारलाई शुद्धिकरण गर्न सक्दछौं । यसको विपरित जब हामी बाहिरतिर फर्केर अरुको आलोचना र टीका टिप्पणी गर्न लाग्दछौं, त्यस वखत हामीले आफ्नो दोषलाई पर्दा हालेका हुन्छौं । दोष लुकाउने प्रवृत्तिले हामीमा अहम्‌को श्रृष्टि र विकास हुन्छ । आध्यात्मिकताको विकास विश्वशान्तिको प्रतीक हो । भौतिकताको विकास प्रतिस्पर्धाको जड हो । सद्विवेकको अभावमा भौतिक अस्तित्व कायम रहन सक्दैन । त्यसैले वर्तमान युगमा पनि हामीहरुले आत्मचिन्तनलाई प्राथमिकता दिएर समानुपातिक रुपमा भौतिक सम्पदाको उपभोग गर्न सकेमा संपूर्ण लोकको कल्याण हुनेछ ।



# – बुद्धवचनहरू –

- रीसले वैरभाव शान्त हुँदैन, प्रेमभावले मात्र वैरभाव शान्त हुन्छ ।

-बुद्धवचन, (यमकवग्गो, धम्मपद-५)

- मूर्खले मात्र एकदिन मर्नुपर्ने कुरामा विचार राख्दैन, "हामी मर्ने छौं" भनी विचार गर्ने वित्तिकै कलह शान्त हुन्छ ।

-बुद्धवचन, (यमकवग्गो, धम्मपद-६)

- नराम्रो सँग छाएको छानाबाट पानी चुहिए झैं राम्रोसँग नबाँधेको चित्तमा राग चुहिन्छ ।

-बुद्धवचन, (यमकवग्गो, धम्मपद-१३)

- कुनै पापकर्महरू नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध पार्नु यही नै बुद्धहरूको शिक्षा हो ।

-बुद्धवचन, (बुद्ध वर्ग, धम्मपद-१८३)

- शत्रुले शत्रुलाई जति हानि पुऱ्याउन सक्छ, त्यो भन्दा बढी हानि कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

-बुद्धवचन, (चित्तवग्गो, धम्मपद-४२)

- सुमार्गमा लागेको चित्तले आफ्नो जति उपकार गर्दछ, त्यति उपकार बाबुआमा र कुटुम्बले समेत गर्न सक्तैन ।

-बुद्धवचन, (चित्तवग्गो, धम्मपद-४३)

- अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनेर हेर्नु भन्दा आफ्नो दोष र आफूले के गरें के गरिन भनेर हेर्नु नै वेस हुन्छ ।

-बुद्धवचन, (पुप्फवग्गो, धम्मपद-५०)

- चन्दन, चमेली आदिको सुगन्ध भन्दा शील-गुणको सुगन्ध उत्तम हुन्छ ।

-बुद्धवचन, (पुप्फवग्गो, धम्मपद-५५)

- लडाइँमा हजारौंलाई जित्नु भन्दा आफूलाई जित्न सक्नेलाई नै संग्रामजित् भनिन्छ ।

-बुद्धवचन, (सहस्सवग्गो, धम्मपद-१०३)

# इतिहासभित्रका रोचक बुद्धमूर्तिहरु

## सबैभन्दा अग्लो बुद्धमूर्ति

संसारमा सबैभन्दा अग्लो बुद्धमूर्ति हाम्रो मित्रराष्ट्र चीनमा रहेको छ। चीनमा सद्वान प्रान्तको लुसाङ्ग शहरमा भेट्टाइएको बुद्धमूर्ति ७१ मिटर अग्लो छ। यस बुद्धमूर्तिको मान मात्रै पनि ७ मिटर अग्लो छ र कानको प्वालमा दुईजना मान्छेहरु सँगै उभिन मिल्छ। यस बुद्धमूर्तिको खुट्टामाथि पनि दुइवटा ट्रकहरु मजाले अट्छ। खुट्टाको औंलामा टेबुल राख्न मिल्छ। यो मूर्ति नब्बे वर्ष लगाएर सन् ७१३ देखि ८०३ सम्मको समयावधि भित्र बनाइएको हो।

## सबैभन्दा सानो बुद्धमूर्ति

संसारमा सबैभन्दा सानो बुद्धमूर्ति पनि चीनमै रहेको छ। बत्तीस वर्षीय शेन बैचाङ्गले बनाएको उक्त बुद्धमूर्तिको लम्बाई केवल ३ मिलिमिटर मात्र छ। यस बुद्ध मूर्तिलाई राम्रो सँग हेर्नलाई पनि सूक्ष्मदर्शक यन्त्रको आवश्यकता पर्दछ। यो बुद्धमूर्ति चीनको च्यान्सु प्रान्तको सुचाउ शहरमा सुरक्षित राखिएको छ।

## पन्नाको बुद्धमूर्ति (Emarald Buddha)

पन्नाको बुद्धमूर्ति पनि छ भनेको सुन्दा हामीलाई आश्चार्य लाग्न सक्छ, तर वास्तविकता यही नै हो। बौद्ध देश थाइल्याण्डमा पन्नाको बुद्धमूर्ति छ। सन् १७८५ मा स्थापना भएको पन्नाको बुद्ध मन्दिर बैंककको वाट् फ्राक्रिओ बिहारमा अवस्थित छ। यस मन्दिर भित्र ३१ इन्च लामो पन्ना रंगको सूर्ककान्तमणी (Jasper) काटेर बनाइएको बुद्धमूर्ति छ। यो पन्नाको बुद्ध चियाङ माई (उत्तरी थाइल्याण्ड) मा सन् १४३६ मा अचानक एउटा बुद्धमूर्ति फुटेको वेला त्यसभित्र भेट्टिएको हो भनिन्छ।

## बुद्धमूर्ति भित्र आश्चर्यजनक पुस्तकालय

संसारमा सबैभन्दा आश्चर्यजनक पुस्तकालयको रुपमा बुद्धमूर्तिको गर्भमा बनेको पुस्तकालय सुप्रसिद्ध छ। यो पुस्तकालय चीनको यँग-निङ्ग भन्ने ठाउँमा अवस्थित एउटा विशाल बुद्धमूर्ति भित्र रहेको छ। यस बुद्धमूर्ति भित्र लगभग ३१७ वटा प्राचीन तिब्बती ग्रन्थहरु संगृहीतरुपमा राखिएको छ। यो नै संसारको आश्चर्यलाग्दो पुस्तकालय बन्न पुगेको छ।

## ५.५ टनको सुवर्णमय बुद्धमूर्ति

बौद्ध देश थाइल्याण्डमा ३ मिटर अग्लो ५.५ टन गन्हुङ्गो सुनको बुद्धमूर्ति छ। यस सुवर्णमय बुद्धमूर्ति एउटा ठूलो बुद्धमूर्ति भित्रबाट नै निस्किएको थियो। कुरा के हो भने थाइल्याण्डको सुवर्ण बुद्धको मन्दिर अथवा त्रिमित्त बिहारमा एउटा बुद्धमूर्ति त्यसै फालिराखेको थिए, जुन मूर्तिलाई सन् १९५३ सालमा क्रेनबाट उठाउँदा खसेर फुटेको थियो। त्यहि फूटेको बुद्धमूर्तिबाट उक्त सुवर्णमय बुद्धमूर्ति निस्किएको थियो। भनिन्छ, यस सुवर्णमय बुद्धमूर्तिलाई १३ औं शताव्दीतिर शत्रुहरुको हातबाट बचाउन त्यसरी प्लास्टर गरेर बुद्धमूर्तिको गर्भमा लुकाइएको थियो।

## टाउको सम्म पुग्ने खुड्किलो भएको बुद्धमूर्ति

जापानमा एउटा यस्तो विशाल बुद्धमूर्ति पनि छ, जुन मूर्तिको भित्रभागमा माथि टुप्पोसम्म नै चढ्न मिल्ने गरी खुड्किलाहरु बनाइएको छ। जापानको कमाकुरा भन्ने स्थानमा रहेको उक्त सुप्रसिद्ध दाइबुत्सु (महान् बुद्ध) को मूर्ति ४२५ फिट अग्लो छ। यो मूर्ति अमिताभ आदि बुद्धको हो, जुन भूस्पर्श मुद्रामा रहेको छ।

# बुद्ध दर्शनमा राज्य संचालनको बिधि

*- तिलक पराजुली*

कसैका वाद, उपदेश वा शिक्षा दर्शनको कोटीमा पुग्न त्यसले जीवन र जगतका सबै पक्षलाई छोएको, समेटेको हुनुपर्दछ । दर्शनको अर्थ साधारण तवरमा लगाउँदा भेट्नु वा देख्नु हुन्छ । अतः दर्शनले पनि जीवन र जगतका सबै पक्षसँग भेटेको, साक्षात्कार गरेको हुनु पर्दछ । यस अर्थमा विचार गर्दा बुद्ध दर्शन एक पूर्ण दर्शन हो । बुद्धका उपदेश र शिक्षामा जीवन र जगतका सबै मूलपक्ष समेटिएका छन् । यस दर्शनको शिरोविन्दु मानवीय कल्याण र निर्वाण नै हो ।

बुद्ध भगवानको जीवनी पनि अनौठो छ । एउटा युवराजले आफ्नो राजपाठ, वैभव र सुख भोगका भौतिक साधन सबै परित्याग गर्नु भयो । तर राजा, युवराज तथा शासकहरु उहाँबाट सँधै आकर्षित रहे र उहाँले पनि राजपाठ चलाउने राजधर्म सम्बन्धमा सँधै देशना गर्दै रहनु भयो । धेरै राजा महाराजाहरुले बुद्धधर्म ग्रहण गरी बुद्धले अर्थ्याउनु भएका शीलको अनुशरण गरेका मात्रै होइनन् कि उनीहरुले बुद्धधर्मलाई राजधर्मको रुपमा ग्रहण गरेको समेत पाइन्छ ।

बुद्धले लोकतान्त्रिक तवरमा राज्य संचालन गर्न गराउनको लागि केही न्यूनतम आधारहरु सुझाउनु भएको छ । दीघ निकायमा उल्लेख भए अनुसार ती हुन्-

क) पटक पटक तथा पूर्णरुपमा सार्वजनिक बहस गर्नु

ख) बृद्ध बृद्धाको लागि सम्मान

ग) महिला तथा बच्चा बच्चीको सुरक्षा र

घ) व्यक्तिगत समानतामा आधारित बिधिको शासन ।

विशेष विश्लेषण गरिरहनु पर्दैन कि राज्यको नीति निर्धारण र कार्यान्वयन प्रकृयामा पूर्ण जन सहभागिता कुनै पनि प्रजातान्त्रिक प्रणालीका मुख्य चरित्र हुन् । कुनै कानुन नियमको तर्जुमा वा कुनै विकास योजनाको निर्माण हुनु अगाडि राष्ट्रका सम्पूर्ण जनताले त्यसमा छलफल गर्न पाउनु पर्दछ । र जनताका प्राप्त सुझाव, छलफल बहसबाट निस्केको निष्कर्षले मुलुकको कानुन वा योजना परिमार्जित भएको हुनु पर्दछ । माथिबाट लादिने वा शक्तिकेन्द्रबाट सिधै निर्माण हुने नीति नियम भनेको अधिनायकवादी शासन पद्धतिका चरित्र हुन् । बृद्धबृद्धाको लागि सम्मान भन्नाले उनीहरुको जीवन सुरक्षा राज्यबाट हुनुपर्ने भन्ने कुरामात्र होइन, बृद्ध बृद्धाका अनुभवहरुलाई ग्रहण गर्ने, त्यसलाई आदर गर्नु पर्छ भन्ने पनि हो । जुन राष्ट्र वा समाजले बृद्ध-बृद्धाका अनुभवलाई आदरका साथ लिंदैन त्यो समाज वा राष्ट्रको पतन अवश्यम्भावी छ । बृद्ध बृद्धाको अपमान पतनशील समाज र राष्ट्रका लक्षण हुन् भन्ने कुरा दीघ निकायमा अम्बष्ट माणव र बुद्धका वीच कपिलवस्तुको स्थितिलाई चित्रण गरेर भएको निम्न संवादले प्रष्ट गर्दछ । कपिलवस्तुको राज्य ब्यवस्थामा आएको बेथितिप्रति चिन्ता गर्दै अम्बष्ट माणवले बुद्धलाई सुनाउँछन्- "भो गौतम ! एकदिन म आफ्नो आचार्य पुष्करसाती ब्राम्हणको कुनै कामले कपिलवस्तु नगर गएको थिएँ । त्यस वखत शाक्यहरुको संस्थागर (पार्लियामेन्ट भवन, राज्य चलाउने भवन-ले) मा पुगेको थिएँ । त्यस वखत धेरै शाक्यहरु, धेरै शाक्य राजकुमारहरु संस्थागरमा अग्ला अग्ला आसनमा बसी परस्पर औंलाले काउकुती लगाई इतरिंदै हासिखेल गरिरहेका थिए,

मानौं मलाई खिसी गरिरहे भैं। कसैले मलाई बस्ने आसन सम्म पनि दिएनन्। (दीघ निकाय अनुवाद ढुण्डबहादुर बज्राचार्य, प्र. सं.) कपिलवस्तुमा शासकमा देखिएको प्रवृत्ति र व्यवहार बुद्धका राज्य संचालन नीतिको प्रतिकूल हुन्। बुद्धको अपमान र शासकको उछृङ्खलताको दृश्य हो।

राज्यको स्वरुप र चरित्र लोक कल्याणकारी हुनु पर्दछ। यो आधुनिक प्रजातान्त्रिक राज्यको आधारभूत चरित्र मानिएको छ। बुद्धको राज्य संचालन नीतिमा जुन महिला तथा बाल बालिकाको सुरक्षालाई महत्व दिइएको छ, त्यसले राज्यको चरित्र लोक कल्याणकारी हुनु पर्दछ भन्ने बुझाउँछ।

समानता बौद्ध दर्शनको अत्यन्त प्रबल पक्ष हो। बुद्धको समानता आर्थिक -सामाजिक राजनतिक तथा सांस्कृतिक समानतामा आधारित छ। जातिवादको पूर्णत खण्डन गर्दै बुद्धले भन्नु भएको छ - मानिसको श्रेष्ठता उसको आचरणमा, उसमा भएको प्रज्ञा र उसले प्रयोगमा ल्याउने शीलमा निर्भर रहने कुरा हो। न कि कुनै जात विशेषमा। आफूसँग भएको नासवान् छ भन्ने संभेर त्यसप्रति बिमोह नराख्ने र आफूसँग नभएको प्रति तृष्णा नराख्ने मानिसले नै सुख प्राप्त गर्न सक्दछ अर्थात निर्वाण प्राप्त गर्दछ। मानव जाति दु:खी भएको नासवानलाई स्थायी संभेर मोह गर्ने र कहिल्यै संतृप्ति नहुने तृष्णा बोकेर नै हो। भौतिक वस्तुको अभावले होइन। बुद्ध दर्शनको अर्थ नीति मितव्ययी छ। साथै धनी र गरिबमा वर्ग विभाजन बुद्ध दर्शनमा आधारित राज्य व्यवस्थाले हुन दिँदैन। यसरी सबै किसिमका विभेदको मूलोच्छेदन गरी समतामूलक समाजको स्थापना नै बुद्ध दर्शनबाट निर्देशित राज्यव्यवस्था हुन सक्दछ। साथै कानुनको शासन बौद्ध राज्य व्यवस्थापनको अर्को स्तम्भ हो। माथि नै यथा प्रसंगमा भनि सकिएको छ कि पटक पटक तथा पूर्ण रुपमा सार्वजनिक बहस गरेर मात्र राज्यको कानुन बनाइनु पर्दछ। यो भनेको राज्यका सम्पूर्ण जनता सहभागी भएर कानुन बनाउने र बनिसकेको कानुन सबैले परिपालना गर्ने नै हो। कसैलाई पनि विशेषाधिकार दिने कुरा बुद्धले कहिल्यै गर्नु भएको छैन।

बौद्ध दर्शनको प्रचार प्रसारमा राजा तथा राजकुमारहरुको पनि ठूलो भूमिका रहेको छ। बुद्ध आफैले पनि प्रत्यक्षत: केही राजा तथा राजकुमार हरुलाई उपदेश दिनु भएको छ। धर्म देशना गर्नु भएको छ। यिनीहरु मध्ये राजा बिम्बिसार र राजा प्रसेनजीतलाई दिएका धर्म दीक्षा विशेष उल्लेखनीय छन्। एकदिन तथागत आफ्नो राजधानी राजगृह आएको मगध नरेश श्रेणिक बिम्बिसार लाई थाहा भयो र उनी मगधका बाह्र लाख ब्राम्हण र गृहपतिहरुलाई लिएर तथागतको दर्शन गरी धर्मदीक्षा लिने पवित्र उद्देश्य राखेर भगवान बुद्धका समीप पुगे। तथागतबाट यथोचित धर्मदेशना भयो। यसबाट कृतार्थ भएका बिम्बिसारले भनेका छन्- अद्भुत छ भगवान्! अद्भुत छ! उल्टो परेकालाई सुल्टो पारिदिने, ढाकिएकोलाई उघारिदिने, पथभ्रष्टलाई पथ प्रदर्शन गरिदिने, आँखा भएकाहरुले देख्न सकुन् भनेर अन्धकारमा बत्ती बालिदिने, यसरी भगवानले अनेक किसिमबाट धर्मोपदेश दिनु भयो। म भगवानको शरण ग्रहण गर्दछु। म संघको शरण ग्रहण गर्दछु। आजको दिनदेखि यो मेरो जीवन पर्यन्त भगवान! मलाई आफ्नो शरणागत उपासकको रुपमा स्वीकार गर्नुहोस्। (भगवान बुद्ध र उहाँको धर्म -ले. डा. अम्बेडकर)

राजा प्रसेनजितलाई भगवानले गर्नु भएको धर्म दीक्षा त भन् महत्वपूर्ण छन्। राजालाई धर्मोपदेश गर्दै भगवान भन्नुहुन्छ- "आफ्नो प्रजालाई आफ्नै एक्लो सन्तान समान संभनुहोस्। तिनीहरुलाई कष्ट नदिनुहोस्, नष्ट नगर्नुहोस्। आफ्ना शरीरका

सबै अंगहरुलाई संयत राख्नुहोस् । कुमार्ग छाडेर सद्मार्गमा लाग्नुहोस् । अर्कालाई होच्याएर आफूलाई माथि नउठाउनुहोस् । दुखीलाई सुख र सान्त्वना दिनुहोस् । "राजकीय ठाटबाँटलाई धेरै महत्व नदिनुहोस् । चाकडीबाजहरुको मीठो लाग्ने कुराहरु नसुन्नुहोस्" (उक्त पुस्तक)

उक्त कुराहरु यहाँ केही नमूनाको लागि दिइएको हो । यस विषयमा लामो र विस्तृत व्याख्या गर्न सकिने सामग्रीहरु बुद्ध दर्शनमा छन् । मुख्य हृदयंगम गर्नुपर्ने कुरा के छ भने बुद्धले राजामा हुनुपर्ने न्यूनतम आचार-विचार, योग्यता र राज्य संचालनका सुनीतिहरु प्रष्ट गर्नु भएको छ । र ती कुरा आधुनिक लोकतान्त्रिक राज्य व्यवस्था र सुशासनको आधारभूत मान्यता अनुकूल छन् ।

बुद्ध भगवानको दैहिक अवसान पछि पनि धेरै सम्राटहरु बुद्धका अनुयायी बनेका छन् । बुद्धधर्मलाई राजधर्मको रुपमा पालना गरेको समेत हामीले पाउँदछौं । भारतका सम्राट कनिस्क, सम्राट अशोक बुद्ध दर्शनका अनुयायी सम्राटहरुमा अग्रणी हुन् । खप्तड स्वामीले आफ्नो धर्म विज्ञान पुस्तकमा कनिष्क भन्दा पहिले मीन्दार नामक एक ग्रीक सम्राट बौद्ध धर्मबाट दीक्षित भै बौद्ध नीतिबाट राज्य संचालन गर्ने गरेको कुरा उल्लेख गर्नु भएको छ । यसबाट यसको विस्तृत आयाम बुझ्न सकिन्छ ।

हाम्रो देश नेपालमा पनि विभिन्न गणराज्यमा विभक्त रहेको अवस्थामा समेत बुद्धधर्म दर्शनमा आधारित लोकतान्त्रिक राज्यहरु थिए । लिच्छवी राज्यका संस्थापक राजा जयदेव (प्रथम) बौद्ध धर्मावलम्बी थिए र यिनले लोकतान्त्रिक तवर मा शासन चलाएका थिए । लिच्छवीकालका राजा वृषदेव सम्म पनि यस्तो लोकतान्त्रिक व्यवस्था चलिआएकोमा भारतमा बलवति हुँदै आएका गुप्त सम्राटहरु प्रजातान्त्रिक व्यवस्था बिरोधी र बुद्ध धर्मका पनि बिरोधी भएकोले उनीहरुले नेपालको लोकतान्त्रिक बौद्ध पद्धतिमा दखल गराएका हुन भनी इतिहास शिरोमणि बाबुराम आचार्यको भनाई रहेको छ । अतः बुद्ध दर्शनका आधारभूत मान्यतालाई अङ्गिकार गरी राज्य संचालन गर्नु नै वर्तमानमा देखिएका आर्थिक-सामाजिक, राजनीतिक तथा सांस्कृतिक समस्या समाधानको सही मार्ग हुन सक्दछ । अस्तु ।

## धम्म पेख्खर ट्रष्टि बोर्ड

१. बिलबहादुर गुरुङ
२. खड्ग बहादुर कार्की
३. प्रकाशमान गुभाजू
४. ध्रुव अधिकारी
५. उत्तममान बुद्धाचार्य
६. दामोदर भक्त थापा
७. निमा वर्मा (थापा)
८. विमा गुरुङ
९. रामचन्द्र श्रेष्ठ
१०. नर बहादुर गुरुङ
११. सुमित्रा मानन्धर (गुरुङ)
१२. होमा थकाली

# बौद्ध दर्शनमा धर्म निरपेक्ष राज्य

-डा. गेहेन्द्रमान उदास "पोखरेली"

गत जेठ ४ गतेको नेपाल सरकारको घोषणाले नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरेको छ। यसबाट राज्यलाई हिन्दू अधिराज्यको युगौं पुरानो धार्मिक एकाधिकार र निरङ्कुशताबाट समाजलाई, राष्ट्रलाई समावेशी र समतामूलक दिशातिर उन्मुख गराएको छ। तर हिन्दू कट्टरवादीहरुको धार्मिक उन्माद, प्रमादी र पूर्वाग्रहले यसलाई उल्टाउने प्रयास भने भई नै रहेको छ, जसको प्रमाण फागुन ८ गते विदेशी साधु भनिने प्रमादीहरुको शिवरात्रीमा पशुपतिमा मेला भर्न आएकाहरुको संलग्नतामा विश्व हिन्दू सङ्घले काठमाण्डौमा "हिन्दू अधिराज्य" पुनर्स्थापना गर्ने नारा लगाई जुलुस निकालेको थियो। यसबाट लोकतान्त्रिक र समावेशी धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने अधिनायकवादी प्रतिगामी प्रयास भएको स्पष्ट देखिन्छ।

यस सन्दर्भमा बौद्ध दर्शनमा धर्म निरपेक्षता र धार्मिक राज्यको प्रसङ्गमा के देखिन्छ भन्ने कुरा बुझ्नु पर्ने र क्रियाशील हुनुपर्ने समयको मागलाई हृदयंगम गर्नुपर्ने भएको छ। सबभन्दा पहिले गौतम बुद्धले देखाउनु भएको स्वतन्त्र र सम्यक चिन्तनलाई बुझ्नुपर्ने आवश्यकता छ। बिबिध धर्म र सम्प्रदायको अस्तित्व भएको विश्व समाजमा यो विषय बढी उपयुक्त र महत्वपूर्ण छ। बौद्ध दर्शनमा भएको धर्म निरपेक्षता र धर्म निरपेक्ष राज्यको प्रसङ्ग सम-सामयिक र धेरै गम्भीर बौद्धिक सन्दर्भ भएको छ। यस सन्दर्भलाई बुझ्न स्वतन्त्र चिन्तन गर्नु पर्दछ, आफ्नो धर्म र भावुक संस्कारबाट निरपेक्ष रहेर छानविन गर्नु पर्दछ। यस सन्दर्भमा महामानव गौतम बुद्धले प्रतिपादन गर्नु भएको स्वतन्त्र चिन्तनको इतिहासलाई स्मरण गर्नु उपयुक्त हुन्छ। गौतम भन्नु हुन्छ- " सनातन देखि चलिआएको भनेर, वा शास्त्रमा लेखिएको भनेर वा ठूलाबडा भनिनेहरुले भनेको भनेर, वा गुरुजनको आज्ञा भनेर आँखा चिम्लेर (अन्धविश्वासमा परेर) त्यसको अनुशरण नगर। मेरो कुरा पनि आँखा चिम्लेर अर्थात नबुझिकनै ग्रहण वा अनुसरण नगर। त्यस्तो गर्नु भन्दा पहिले, त्यस कुरालाई चिन्तन मनन गरेर व्यवहारमा अनुभूत गर। त्यसपछि ठीक देखिए ग्रहण गर, ठीक नदेखिएमा ग्रहण नगर।" (कालामा सूत्र)

यसबाट के स्पष्ट हुन्छ भने बौद्ध दर्शन वा धर्मले कुनै मतलाई बौद्धिक विकास वा चिन्तन मनन विना अनुसरण गर्न वा नगर्न सचेत गराएको छ। बुद्धधर्म बाहेक अन्य धर्मले कुनै प्रश्न नगरीकन विश्वास गर, अनुसरण गर भनेको छ भने ठीक यसको विपरीत बुद्धधर्मले नबुझिकन, प्रश्न नगरीकन कुनै मत वा धर्मलाई आँखा चिम्लेर अनुसरण नगर भनेको छ। यहाँसम्म कि बुद्धधर्म प्रचारकहरुलाई पनि गौतमले जवर्जस्ती लोभ लालच वा डर त्रास र अलौकिक आश देखाएर आफ्नो मत र विचारलाई कसैमाथि थोपर्ने काम नगर भन्नु भएको छ। बौद्ध दर्शनलाई यथार्थवादमा आधारित गरेर उपासकहरुको जिज्ञासा र प्रश्नहरुलाई समाधान गर भन्नु भएको छ। यस स्वतन्त्र चिन्तनद्वारा यथार्थको धरातलमा बौद्धिक विकास गर्न परंपरागत र धार्मिक संस्कार तथा पूर्वाग्रहबाट आफूलाई निरपेक्ष राख्नु पर्दछ। यसरी निरपेक्ष भाव र सोचबाट उपासकहरुलाई प्रबुद्ध बनाउनु नै धर्म निरपेक्षता हो। यसरी प्रबुद्ध भएका उपासकहरु जुनसुकै धर्ममा आबद्ध भएपनि भिक्षुहरुले आफ्नो धर्म देशनामा सफल भएको मान्नु पर्दछ। ती उपासकहरु बौद्ध धर्ममा दीक्षित हुनैपर्छ भन्ने छैन। राज्यलाई कानूनी रुपले वा औपचारिक रुपले धार्मिक

राज्य बनाउने कुरा, जुन अन्य धर्म खास गरी मुस्लिम र हिन्दूधर्मावलम्बीहरुले प्रयत्न गरिरहेछन्, त्यो कुरा गौतम बुद्धको दर्शनमा उल्लेख छैन । त्यसैले त जापान, थाइल्याण्ड, भियतनाम आदि देशहरुले औपचारिक रुपले बौद्ध राज्य भनेर घोषित गरेका छैनन्, तर त्यहाँका अत्यधिक जनसंख्या बौद्धहरु नै छन् ।

नेपालको सन्दर्भको कुरा गर्दा, काठमाण्डौ उपत्यकाको किराँत राजाहरुले स्वेच्छाले बुद्धधर्म अपनाएका थिए र त्यो बेला बुद्धधर्म उपत्यकाको लोकधर्म भएको थियो, तर उपत्यकालाई बुद्धधर्मावलम्वी देश भनिएन । लिच्छवीकालका राजा वृषदेव र शिवदेव प्रथम बुद्ध धर्मावलम्वी थिए । तर उनीहरुले पनि उपत्यकालाई बौद्ध देश नाम राखेनन् । उता पश्चिम कर्णाली प्रदेशका राजाहरु अशोक चल्ल, क्राचल्ल, यशोब्रम्ह आदि राजाहरु बुद्ध धर्मावलम्वी थिए र प्रजाहरु पनि बुद्ध धर्मावलम्वी थिए । तैपनि ती राजाहरुले कर्णाली प्रदेशलाई बौद्ध अधिराज्य भनेनन् । यसरी बौद्धहरुले राज्यलाई धर्म निरपेक्ष राज्यको औपचारिक स्तरमा राख्दै आएको नेपालको इतिहास छ ।

यस्तो इतिहास विद्यमान रहेको नेपाललाई विगतको निरङ्कुश पञ्चायती शासनकाल देखि अर्थात २०१९ सालको पञ्चायती संविधानमा पहिलो पटक जनताको अभिमत विना नै नेपाललाई "हिन्दू अधिराज्य" भनेर हिन्दूधर्मसँग कानूनी रुपले आवद्ध गरायो । त्यही संविधानको पैतृक सम्पत्ति जस्तो गरेर २०४६ सालको शान्तिपूर्ण जनआन्दोलन पछि बनाएको २०४७ सालको संविधानमा पनि नेपाललाई "हिन्दू अधिराज्य" भनी मान्यता दिइयो । यसरी हिन्दू अधिराज्य बनाइदा नेपालले हानी नोक्सानी के व्यहोर्नु पर्‍यो भन्ने कुरा आजका सचेत र नागरिक अधिकार युक्त, सार्वभौमिक सत्ता सम्पन्न जनता (नागरिक) हरुले बोध गर्नु पर्ने समयको माग भएको छ । हिन्दू अधिराज्यकै कारणले गर्दा नेपाली समाजले आफूमाथि विश्वास र लौकिक आडम्बर अझै पनि हट्न सकेको छैन । त्यति मात्र होइन, राज्यसत्ता सञ्चालन गर्ने शाहवंशीय राजाहरु खास गरी पृथ्वी नारायण शाह, प्रताप सिंह शाह, महेन्द्र र वर्तमान अवस्थामा अधिकार हीन भई निलम्बन अवस्थामा बसेका राजा ज्ञानेन्द्रले त्यही हिन्दू अधिराज्यको बलमा धार्मिक राजनीति गरेर निरङ्कुश सत्ता चलाएका थिए । आजसम्म पनि जनता भनेको जनावर हो र राजा भनेको ईश्वर हो भन्ने पूर्वाग्रह मानसिकतामा रहेर ०६२-०६३ को शान्तिपूर्ण जनआन्दोलनले ल्याएको परिवर्तनलाई असफल पार्न अनेक चालबाजी र षडयन्त्र गोप्य रुपमा गरिरहेकै छ । यी सबै कुरा नेपाललाई हिन्दू अधिराज्यको कानूनी रुप दिएकोले राजा ज्ञानेन्द्र र उनका परिवारमा जनतालाई सम्मान नगर्ने र जन अभिमतलाई लत्याउने पूर्वाग्रही धार्मिक अम्मलको नशा अझै पनि रहिरहेकै छ ।

वास्तवमा राज्य कुनै धर्मसँग आवद्ध भयो भने त्यस धर्मका अनुयायीहरुमा शासन प्रशासनमा हावी हुने दुस्साहस विकास हुन्छ । शासन प्रशासनमा हावी भएपछि अरु धर्मलाई अपहेलना गर्ने, नीचा देखाउने र दबाउने नीहित कृयाकलाप गरेर अधिनायकवादीतिर उन्मुख हुन्छ । यसको उदाहरण राजा ज्ञानेन्द्रको माघ १९ देखिको शासनबाट प्रष्ट देखिएको छ ।

महामानव गौतम बुद्धको बौद्ध दर्शनलाई आजको नेपाली समाजले बुझेको भए, नेपालको धार्मिक इतिहासलाई अनुभूत गरेको भए, आत्मसात गरेको भए, आजको नेपालले मानवता, मानव अधिकार र सामाजिक जीवनको अद्वितीय उदाहरण विश्वलाई देखाउन सक्थ्यो । तर खेद छ, यतातिर कसैले ध्यान दिएन । तर अझैपनि घाम अस्ताएको छैन । बौद्ध दर्शनको धर्म निरपेक्षताको सन्देशलाई बुझेर अनुभूत गरेर व्यवहारमा पनि प्रबुद्धताका क्रियाकलाप प्रदर्शन गर्नुस्, नेपालको सामाजिक सद्भावना र एकता सुदृढ हुने र आर्थिक समुन्नति प्राप्त हुने मात्र होइन, बौद्धिक प्रखरता पनि विश्व सामु प्रदर्शित हुने छ ।

# क्षेत्रीय सम्मेलनले दिएको सन्देश

- सुवर्ण बज्राचार्य

माछापुच्छ्रे, अन्नपूर्ण हिमाल जस्ता चाँदीका मनमोहक हिमश्रृङ्खलाहरुले सु-सज्जित, फेवाताल, रुपाताल, वेगनासताल र अरु विविध रमणीय प्राकृतिक तालतलैयाहरुले सिंगारिएको यस सुन्दर पोखरा नगरीमा विभिन्न कार्यक्रमका साथ सु-सम्पन्न भएको देशकै पहिलो पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलनले आफ्नै प्रकारको महत्व र पहिचान बोकेको छ ।

सम्पूर्ण नेपाली बौद्ध धर्मावलम्बीहरुको राष्ट्रिय संस्था धर्मोदय सभाको आयोजना तथा धर्मोदय सभा कास्की शाखाको व्यवस्थापनमा गत पौष २२ र २३ गते भएको प्रथम पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन-२०६३ पाँच बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

सबै बौद्धमार्गी बीचको एकतामा सबै बौद्धहरुद्वारा निरन्तररुपमा सत्प्रयास जारी राख्नको लागि घोषणापत्रमा आग्रह गरिएको छ । बौद्ध ज्ञानको मैत्री करुणाभाव विकास गरी समाजमा सामाजिक सद्भाव र धार्मिक, बहु-सांस्कृतिक, बहु-भाषिक, बहु-जातीय विशेषता संगाली प्रतिनिधि सभाद्वारा औपचारिक घोषणा हुनुपर्नेमा जोड दिइएको छ । त्यस्तै २०६८ सालमा हुने राष्ट्रिय जनगणनाका लागि सम्पूर्ण बौद्धमार्गीहरुलाई सजग र जागरुक रहेर सत्य तथ्याङ्क प्राप्तिका लागि सतर्क हुन पनि आग्रह गरिएको छ । त्यसैगरी बुद्ध धर्म सम्बन्धी आपसी भाइचारा व्यवहारमा उतार्नका लागि कार्यरत रहने प्रतिबद्धता क्षेत्रीय सम्मेलनद्वारा जाहेर गरिएको छ ।

विभिन्न जातजाती तथा समुदायमा प्रचलित परम्परालाई सम्हाल्दै होशियारीपूर्वक सुधारेर एकिकृत रुपमा बुद्धको सुखमय शान्तिको सन्देशलाई विस्तार गर्दै प्राणीमात्रको कल्याण गर्नु नै सम्मेलनको मूल उद्देश्य हो ।

बौद्ध धर्मसँग सम्बन्धित पुरातात्विक ऐतिहासिक तथा साँस्कृतिक विषय बस्तुहरुको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्य अनुरुप आपसी सहयोग, समन्वय र मैत्रीभाव कायम राख्ने, धर्मोदय सभाको जिल्ला शाखाहरुमा रहेको दूरीलाई कम पार्दै लाने, शाखा नभएका जिल्लाहरुमा धर्मोदय सभा शाखा विस्तार गर्दै लाने, धार्मिक तथा सामाजिक कृयाकलाप बढाउँदै लाने, योजना अवलम्बन गरी पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलनको अवधारणा ल्याइएको हो ।

सम्मेलनको पहिलो दिन पौष २२ गते बिहान आठ बजे भएको कार्यक्रममा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थवीरबाट सच्चा धर्म कसैका लागि पनि अधर्म हुन सक्दैन भन्नुभयो । धर्मदेशनाको कार्य सकिएपछि सांस्कृतिक बाजागाजा सहित बौद्धहरुको ठूलो जनसहभागितामा शान्ति पदयात्रा कार्यक्रम स्थल नयाँबजारमा पुगी सम्मेलनको स्वागत र उद्घाटन समारोहमा परिणत भएको थियो । धर्मोदय सभाका अध्यक्ष साङपा रिम्पोछेको अध्यक्षतामा भएको सो समारोहका मुख्य अतिथि सभामुख सुभाष नेम्वाङ्गबाट समारोहको विधिवत उद्घाटन भएको थियो । आफ्नो उद्घाटन भाषणमा उहाँले जेठ ४ गते प्रतिनिधि सभा घोषणाले मुलुकलाई धर्म निरपेक्ष राज्यका रुपमा स्थापित गरेको भएतापनि संबिधान सभाको निर्वाचन सम्पन्न गरी त्यसलाई संस्थापन गर्नुपर्ने

बताउनु भयो। सोहि अवसरमा करीव चार दशकदेखि बौद्ध धर्मको प्रचार-प्रसारमा निरन्तर संलग्न रहेका बौद्ध विद्वान तिलकमान गुभाजूलाई सभामुख नेम्वाङ्गले कदरपत्र प्रदान गरी सम्मान गर्नुभएको थियो भने अध्यक्ष साङपा रिम्पोछेले खादा ओढाउनु भएको थियो। त्यसैगरी त्रिभुवन विश्वविद्यालयबाट बौद्ध शिक्षामा नेपालमा नै पहिलो पटक स्नातकोत्तर गर्नु भएका १४ जनाको पहिलो समूहलाई र त्रिविवि बौद्ध अध्ययन केन्द्रीय विभागका प्रमुख डा. नरेशमान बज्राचार्यलाई कदरपत्रबाट सम्मानित गरिएको थियो । पहिलो पटक यसरी सम्मान गरिएका विद्यार्थीहरुमा सुरेन्द्रमान बजाचार्य, हिराकाजी बज्राचार्य, माणिकरत्न शाक्य, महेन्द्ररत्न शाक्य, धर्मसुन्दर बज्राचार्य, त्रिरत्न मानन्धर, तीर्थरत्न शाक्य, पुष्परत्न शाक्य, गौतमवीर बज्राचार्य, रश्मी राजकर्णिकार, जुनुमैया वासुकला, इन्द्रसिद्धि बज्राचार्य र हिरण्यराज बज्राचार्य हुनुहुन्छ। त्यसपछि धर्मोदय सभाका अध्यक्ष साङपा रिम्पोछेबाट वाङ्ग (शुभ अभिषेक) दिने कार्य सम्पन्न भएको थियो र बेलुकी ज्ञानमाला भजनको साथै पहिलो सत्रको कार्यक्रम सकिएको थियो ।

पौष २३ गते सम्मेलनको दोस्रो दिन निर्धारित कार्यक्रम अनुसार बुद्ध धर्मको विकासमा पश्चिमाञ्चल क्षेत्रको देन विषयक कार्यपत्र पोखराका तिलकमान गुभाजूले प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा पश्चिमाञ्चल क्षेत्रबाट बुद्धधर्म पूर्व र पश्चिम तिर फैलिंदै गएको र काठमाण्डौ उपत्यकामा बुद्धधर्मले राम्ररी जग गाडिएको कुरा उल्लेख गरिएको थियो । प्रस्तुत कार्यपत्र माथि काठमाडौंका प्रा.डा. त्रिरत्न मानन्धरले विद्वतापूर्वक टिप्पणी गर्नुभएको थियो । सो कार्यपत्रबारे धेरै सहभागीहरुले रुचीका साथ छलफल र सुझाव राखे र सो सत्र सौहार्द वातावरणमा सम्पन्न भएको थियो । तीन बजे पछि सम्मेलनको समापन कार्य शुरु भयो । सबै जिल्ला शाखाबाट आउने प्रतिनिधिहरुले बुद्ध जन्मेको देशमा अहिंसा र शान्तिको सन्देस फैलाउन यस्ता कार्यक्रमहरु भैरहनु पर्नेमा जोड दिएका थिए। अर्घाखाँची बाहेक १५ जिल्लाबाट १५० भन्दा बढी प्रतिनिधि र पर्यवेक्षकहरुको सहभागिता यस सम्मेलनमा रहेको थियो । प्रथम प्रयास र पहिलो सम्मेलन भएको भएता पनि निकै सभ्य र सौहार्दताका साथ सम्मेलन सम्पन्न भएको मान्नु पर्दछ । प्रत्येक दुई वर्षको एकपटक हुने राष्ट्रिय बौद्ध सम्मेलनमा भाग लिएर फर्किएपछि फेरी जिल्ला शाखाहरुको भेटघाट हुनलाई अर्को दुईवर्षलाई पखर्न पर्ने परम्पराको दायरालाई छोट्याएर निरन्तरको सम्बन्ध कायम गरी बौद्धहरु बीच सुमधुर सम्बन्ध बढाउँदै जाने यो सम्मेलनले सन्देश प्रवाह गरेको अननुभूति गरिएको छ । विभिन्न बौद्ध सम्मेलनहरुका साथै पाँचौ राष्ट्रिय बौद्ध सम्मेलन समेत सफलताका साथ सम्पन्न गर्दै आइसकेको अवस्थामा कास्की जिल्लामा सम्पन्न भएको क्षेत्रीय सम्मेलनले देशको पाँचै विकास क्षेत्रहरुमा बौद्ध विकासको एउटा नौलो जागरण ल्याउने कुराको पनि विश्वास लिन सकिन्छ। शाखाहरु कृयाशील रहेमा जिल्ला र क्षेत्र कृयाशील रहन्छ । जिल्ला कृयाशील रहेमा निश्चितरुपमा केन्द्र कृयाशील रहन जाने हुनाले यस प्रकारको क्षेत्रीय सम्मेलनको कार्यक्रमलाई निरन्तरता दिदै जानुपर्ने आवश्यकता महशुस गरिएको छ ।

अहिले देशमा धर्मनिरपेक्षता घोषणा भएको छ। अब बल्ल देशका सबै धर्मावलम्बीहरुले स्वतन्त्र भएर सहिष्णुताका साथ आ-आफ्नो धर्मको विकास गर्दै सबैले समान रुपमा शान्तिको शीतलता पाउने ढोका खोलिदिएको छ। बुद्ध शिक्षा हिजोपनि महत्वपूर्ण थियो आजपनि महत्वपूर्ण छ र भोलीपनि महत्वपूर्ण रहने छ । प्राथमिक तह देखि देशको सबै विद्यालयहरुमा बुद्ध ज्ञान र शिक्षामा आधारित

बिषयहरु पठनपाठनको निमित्त पाठ्यक्रममा सम्बन्धित निकायले यथासिघ्र समावेस गरिदिएको खण्डमा दिगो शान्ति स्थापनाको लागि उर्जा पुग्ने र नयाँ नेपाल निर्माणको लागि समेत टेवा पुग्ने जाने विश्वास गरिएको छ ।

अहिले अस्थिरता र जताततै अशान्तमय वातावरणले छाएको अवस्थामा हाम्रो आफ्नै देश नेपालमा जन्मनुभएका सिद्धार्थ गौतम बुद्धले प्रतिपादन गर्नुभएको अहिंसा, शान्ति र सदाचारको सन्देश समस्त प्राणीको निमित्त हितकर भएको कुरा सर्वत्र महशुस गरिएको छ। यो कुनै जातजाती, वर्ग वा समुदायको मात्र धर्म नभएर सम्पूर्ण विश्व मानव समाजकै लागि ल्याइएको साझा धर्म पनि हो। सबैले शान्तिको मार्गमा अग्रसर भएर बुद्ध ज्ञान र शिक्षालाई आत्मसाथ गर्दै अघि बढन सक्यौं भने मानव शान्तिको सुखमय लक्ष अवश्य पनि धेरै टाढा छैन ।

सम्मेलनको अन्तमा यसै क्षेत्रको लमजुङ्ग जिल्लामा जन्मनु भएका डा. हर्क गुरुङ्गको जहाज दुर्घटनामा केही महिना पहिले निधन भएकोमा गहिरो दुःख व्यक्त गरी वहाँको निर्वाण हेतु एक मिनेट मौन धारण गरी शोक प्रस्ताव पारित गरिएको थियो ।

काम गर्दा कहीं कतै त्रुटी हुनजानु स्वाभाविक हो । त्रुटीलाई सच्याउदै जानु पनि मानवता हो र यो क्षेत्रीय बौद्ध सम्मेलन २०६३ क्षेत्रीय स्तरको भएतापनि यसबाट सिंगो राष्ट्र र विश्वशान्तिकै लागि समेत पनि मैत्री, प्रेम, करुणा क्षमा र सदाचारको सन्देश प्रवाह गर्नुमा योगदान पुऱ्याउन सक्छ। सर्वत्र शान्ति र अहिंसा स्थापनाको लागि भएको हो, यो सम्मेलन। मानव मानवबीच भाइचाराको सम्बन्ध अभिबृद्धि गर्नको निमित्त भएको हो प्रथम पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन ।

भबतु सब्ब मंगलम !

# धम्म पोख्खरमा संचालित पहिलो दश दिवसीय विपश्यना शिविरका साधकहरू

१. इमान सिं गुरुङ
२. चित्रबहादुर गुरुङ
३. डोर प्रसाद नेपाल
४. शंकर गुरुङ
५. देवी प्रसाद पराजुली
६. निर्मल अधिकारी
७. पूरण गुरुङ
८. युवराज गुरुङ
९. गोकुल गुरुङ
१०. नर नारायण थापा
११. इन्द्र बहादुर गुरुङ
१२. राजेन्द्र प्रसाद अधिकारी
१३. धन बहादुर कुँवर
१४. राम बहादुर गुरुङ
१५. आन्सु पौडेल
१६. भवानी पौडेल
१७. उषा नेपाल
१८. गीता नेपाली
१९. पदम कुमारी थापा
२०. तारा गुरुङ
२१. द्रौपती गुरुङ

# आमाका बारे लेख्नुपर्दा

- विश्व शाक्य

आमाका बारे कलम चलाउनु त्यत्ति सहज कुरा होइन। तथापी कलम चलाउनै पर्ने भयो। चलाइएको छ । यसो भनेर यो बाध्यता पनि होइन, जीवनको सर्वाधिक यस दुःखद घडीमा आमाको गुणानुस्मरण गर्ने एउटा मेसो मात्र हो । यो प्रयास आमाप्रति अलिकति मात्र पनि श्रद्धासुमन बन्न सकेछ भने म छोराका लागि ठूलै आत्मसन्तुष्टि हुनेछ ।

आमा निरक्षर हुनुहुन्थ्यो र पनि एक साहसिक महिला हुनुहुन्थ्यो । हामी स-साना प-पाँचजना नाबालक बच्चाहरू (तीनभाइ छोरा र दुई बहिनीहरू) साथ लिएर परिवारका जिम्मेवार सदस्यहरूबाट अलगिएर पनि ती लालाबालालाई पालनपोषण गरी हुर्काई बढाई आज यो प्रतिष्ठित अवस्थासम्म आइपुग्न सक्षम तुल्याउनु कम आत्मबल, साहस र हिम्मतको कुरा होइन । आमा आफू निरक्षर, असहाय दुःखी माइती र परिवारबाट अपहेलित भएर पनि जुन हिम्मत, आत्मबल र संकल्पका साथ हामी लालाबालालाई साथ लिएर हुर्काउनु भयो, यो मातृऋण सायदै हामीले जन्मजन्मान्तर सम्ममा पनि तिर्न सक्ने छौं । त्यसैले पनि भगवान् बुद्ध भन्नुहुन्छ -'मातृ ऋण तिर्न गाह्रो छ । सात जन्मसम्मको सेवाभावले पनि मातृ ऋण तिर्न सकिंदैन । मातृ ऋण तब तिरिन्छ, जब आफू निर्वाण मार्गमा आबद्ध भएर आमालाई पनि निर्वाणमा प्रतिष्ठित गराउँछ ।' नीतिशास्त्रहरूमा पनि भनिएको छ - 'आमाबाबुको सेवा सबैभन्दा उत्तम सेवा हो । सर्वोत्तम पुण्यकार्य हो ।'

आमाको जन्म वि.सं.१९७६ साके सं.१८४१ भाद्र १७ गते शुक्ल अष्टमीका दिन मोहरिया टोलमा भएको हो । आमाको बुबाको नाम पहलमान गुभाजू हो । पहलमान गुभाजूका दुई श्रीमती मध्य जेठीतिर आमा र उहाँमाथि एक दाजु हुनुहुन्थ्यो । जेठी श्रीमतीको देहावसान भएपछि मावाली हजुरबाले कान्छी श्रीमती ल्याउनु भयो । कान्छी श्रीमती (आमाको सौतेनीआमा) तिर एक छोरा र दुई छोरी भए। तर दुर्भाग्य केटाकेटी स-सानामै आमाकी सौतेनी आमाको पनि देहावसान भयो । नियतिले यति ठगी मात्र गरेनन्, परिवारलाई भरणपोषणमा काँध थाम्न सक्षम भैसकेका आमा माथिका दाइ भोटे गुभाजू र आमा मुनीका भाइ (सानीआमातिर को) गोरेचा गुभाजूको पनि युवावस्थामै देहावसान भयो । यसरी आमाको माइतीमा दुःखको पहाडको श्रृङ्खला शुरु भयो ।

माइतीको अवस्था दुःखद भएर नै होला आफूभन्दा पाका उमेरका हाम्रा बाबा सिद्धिरत्न शाक्यसँग वि.सं. १९९५/०९६ सालतिर बिबाह भयो । त्यो पनि मोहरिया टोलका सम्पन्न घरानिया हरिकुमार साहु खलकका चेलीमाथि सौता भएर । आमा आफू २० वर्षको हुनुहुँदा जेठा दाजु शान्तरत्न शाक्य जन्मेको भनेर आमाले भन्नु हुन्थ्यो । वि.सं.१९९७ सालमा जेठा दाजू शान्तरत्न शाक्यको जन्मको हिसाबले आमाको बिहे १८/१९ वर्षको उमेरमा भएको र वि.सं. १९६३ मा बाबाको जन्म भएको हिसाबले बाबाको उमेर त्यत्तिखेर त्यस्तै ३३/३४ वर्ष भएको अनुमान गर्न सकिन्छ। वि.सं. १९९७ सालमा जन्मनु भएका जेठा दाजु शान्तरत्न शाक्यको वि.सं.२०५० चैत्र २ गते ५४ वर्षको अल्पायुमै मात्र एक दिनको व्यथाले दिवंगत भएको

थियो । वि.सं.२००१ साल मंसीरमा माइला दाजू शम्भुरत्न शाक्यको जन्म भएको थियो । शम्भुदाइ आमातिरका दोस्रा र बाबातिरका छैठौं सन्तान हुन् । त्यसैगरी जेठा दाजु शान्तरत्न आमातिर जेठा र बाबातिर चौथा सन्तान हुन् । वि.सं.२००६ साल माघे संक्रान्तिका दिन, काकातिरका दुईभाइ छोरा र हाम्रा बाबातिरका सातभाइ छोरा गरी नौभाइ छोराहरूमा सबैभन्दा कान्छा सन्तान र नौ भाइ रत्नहरूमा नवौं रत्नका रुपमा तेर्सापट्टि, पोखरामा मेरो जन्म भएको हो ।

आमाको माइती मोहरिया टोलमै भए पनि माइला दाइ शम्भु र मैले मावालीको खासै अनुभव र अनुभूति गर्न पाएनौं । शम्भुदाइलाई मावालीको झिनोमसिनो अनुभूति थियो कि कुन्नी मैले त छम्कट्टै त्यो मौका पाइन । अनुभूति पनि होस कसरी ? मावालीका हजुरआमाहरू र मामाहरू म जन्मनु अगावै वितिहाल्नु भएको थियो । मावालीका पुरुष सदस्यमा हजुरबा एकजना हुनुहुन्थ्यो, उहाँ पनि म जन्मेको सुत्केरी अवस्थामै वित्नु भएछ । सुत्केरी अवस्थामै बडो दु:खकष्ट सहेर हजुरबाको काजकृया गरेको भनेर आमाले दुखेसो पोख्नु हुन्थ्यो । मावालीमा भएको एकजना पुरुष सदस्य उहाँको पनि देहावसानपछि आमाको दु:खमा अर्को पहाड थपियो दुई अनाथ बहिनीहरू । ती अबोध बहिनीहरूलाई आमाले घरै लिएर आउनुभयो । तिनीहरूलाई घर मा ल्याएर पालन पोषण गर्नु त्यत्ति सहज थिएन । एक त दु:खी माइती, त्यस माथि सौतेली पीडा, तै पनि आमाले हिम्मत हार्नु भएन र सानीमातिरकै बहिनीहरू भएपनि २ अबोध बालिकाहरू(एउटी लाटी)लाई आफूले घरमा दु:ख, कष्ट, अवहेलना सहेरै पनि आफूसँगै राख्नु भयो । तदनुपरान्त ती सानीमाहरूकै काखमा खेल्ने हुर्कने सौभाग्य मलाई जुर्‍यो । मैले भौतिकरुपमा मावालीको अनुभव अनुभूति गर्न नपाए पनि जन्मैदेखि सानिमाहरूको सामीप्यले मावालीको त्यो आत्मीय अनुभूतिबाट वञ्चित हुन नपरेको सुखानुभूति भैरहेको छ ।

हाम्रो मावाली मोहरियाटोल भएजस्तै आमाको मावाली गोरखा, मसेल रहेछ । यो कुरा आमा जीवित हुनुहुञ्जेल मलाई थाहा भएन । यो आलेख तयार गर्ने क्रममा आमाको माइती थाहा पाउने जिज्ञासाले सानीमा (आमाकी मावालीतिरका आमाहरूकी छोरी)सँग सम्पर्क राख्दा सानाबा बेदमान गुभाजू (उहाँलाई पहिले मैले दाइ भन्ने गर्थें)बाट आमाको माइती र आमाको मावालितिरको सबै नालिबेली थाहा भयो । मोहरिया टोलका अधिकांश बाँडाहरू लुकमी(सुनको गहना बनाउने) भए पनि हाम्रा मावालीले ठकमी(थाल, वर्तन, भाँडाकुँडा बनाउने)काम गर्नुहुन्थ्यो । मामाहरू र मावाली हजुर बाले बनाउनु भएको केही भाँडावर्तनहरू चिनोका रुपमा पंक्तिकारसँग सङ्ग्रहित छन् ।

उ बेलाको पोखरा आजभोलिको जस्तो भौतिक साधन सम्पन्न थिएन । पिउने पानीका लागि बिहान एक दुई बजे उठेर ३/४ वटा गाग्री काखी च्यापेर पँधेरा धाउनु पर्थ्यो । गाग्री पँधेरामा पालो थापेर घरमा दियाँलाई कुँडो भकारो गर्न आउनु पर्थ्यो । बिहानको गाँस टिपेर दिनभर खेतीबारी हेर्नुपर्ने हुन्थ्यो । दियाँलाई घाँस पुर्‍याउनुपर्ने हुन्थ्यो । यतिले नपुगी बेलुकीको भाँडा वर्तनपछि पनि राती बेर अबेरसम्म कहिलेकाहीं घरबुना कपडा बुन्नुपर्ने हुन्थ्यो । यसरी कष्टकर जीवनलाई घचेट्दै ठूलो छोरा शान्तरत्न शाक्य १७/१८ वर्षको भएपछि अरु ठूला छोराहरूको बिहेको लस्कोमा भरखरै प्रवेशिका परिक्षा दिएको आफ्ना छोराको पनि बिहे गराइदिन आमाले मरिहत्ते गर्नुभयो । अरु उमेर पुगेका छोराहरू सँगै कलिलै उमेरमा दाइको पनि वि.सं.२०१५ सालतिर बिहे भयो । दाइको बिहेको लगत्तै काका र बुबा छुट्टिभिन्न हुने क्रममा आमाले पनि आफूलाई छुट्टयाइदिन र नाबालक छोराहरूका

हकमा अंश दिलाइदिन काकासँग र छरछिमेकका भद्र भलादमीसँग रोइकराई गर्न थालिन । आमाको यही दूरदर्शिताले आज हामी स्वाभिमानी पूर्वक आफ्नो दुईमानाको जोहो गर्न सक्ने भएका छौं । काका छुट्टिएर गैसक्नुभएपछि हामी बाबातिरबाट छुट्टिन परेको भए निश्चित रुपमा हाम्रो ठूलो दुर्गति हुने थियो । धन्य भगवान् ! हामीले आमा मात्र होइन गतिलै साहसिक आमा भेट्टाएका रहेछौं । आमाले चाहनुभए जस्तै ठूलो छोराको बिहे र छुट्टिभिन्न त भयो तर छुट्टिभिन्न भएपछि व्यवहारिक कथिनाइले प्रवेशिकामा उत्तीर्ण भएर पनि दाइले त्योभन्दा अगाडि पढाई गर्न पाउनु भएन ।

सँगोल परिवारबाट छुट्टिभिन्न भएपछि तेर्सापट्टिस्थित हामी बस्दै आएको घर तयार नभएसम्म हामीले काका कै घरमा आस्रय लियौं । आमाले पँधेराबाट पानी खेपेरै भएपति दिनरात नभनेर असिनापसिना चुहाएर वर्षदिन भित्रै घर तयार गर्नु भयो र वि.सं.२०१६ सालको अन्ततिरै हामी हाम्रो घर सर्‍यौं । आमाको आफ्नो न्यानो सपनाको संसार मा आयौं । तदनुपरान्त हामी वि.सं.२०६१ चैत्र २९ गतेसम्म त्यही घरमा रह्‌यौं । आमाले आफ्नो सपना मात्र होइन, थुप्रै परिश्रम र पसिना सिंचेर ठड्याइएको त्यस घरले आमाको मरणसम्मलाई आश्रय दिन सकेन । त्यो घर र सपनाको संसार छोडेको दुई बर्ष पनि नबित्दै आमाले त्यो सपनाको घर मात्र होइन संसार नै छोडेर जानुभयो ।

बाबासँग हामीले अंश लिएर छुट्टिंदा म मात्र ११ वर्षको थिएँ । विन्ध्यवासिनीमा माल अड्डा थियो । अंशवण्डाको कागजमा सहीछाप गर्ने बेला हाकिमले अंशियारलाई सोध्दो रहेछ । मलाई राम्रै स्मरण छ । मलाई पनि सोधिएको थियो 'बाबु ! तिमी कोसँग बस्छौ ?' भनेर । त्यसबेला मैले सहज उत्तर दिएको थिएँ 'आमासँगै बस्छु' भनेर । वास्तबमा जीवनको पूराकापूरा ५७ वर्ष म आमसँगै बसें । आमाको अन्तिम अवस्थासम्म आमासँगै बस्ने सौभाग्य पाएँ । उसबेला 'आमासँगै बस्छु' भन्ने वाक्यको यथार्थता र अर्थबोध मलाई थिएन । मेरो त्यस वाक्यलाई सार्थक बनाउन समय, अवस्था र कर्मस्थानले जसरी साथ दियो, त्यसका लागि मैले आफूलाई निक्कै सौभाग्यशाली ठानेको छु ।

हामी साना थियौं । दाइ भरखरका अल्लारे । व्यापार व्यवसायमा खासै जानकारी थिएन । ठूलीआमा तिरका जेठो दाजूसँग गोश्वारी गरेर कपडाको दुकान राखियो ।

त्यो दुकानले हाम्रो भाग्यलाई साथ दिएन । दुकानमा घाटा लाग्यो । ऋण हाम्रो थाप्लामा पनि पर्‍यो । ऋण चुकाउने कसरी ? आमा दूरदर्शी हुनुहुन्थ्यो । आमा समय मै सतर्क हुनुभयो । जे-जति ऋण लाग्यो लाग्यो, अब साझेदारी नगर्ने भनेर आमाले दाइलाई साझेदारीबाट निकाल्नु भयो । भएको कपडा बाँडफाँड भयो । लागेको ऋण चुकाउन र छोरालाई दुकानको थप खेलोका लागि आफ्ना माइतीको जग्गा बेच्ने निधो गर्नु भयो । माइती जग्गा जीवित तीनवटी दिदीबहिनीलाई तीन भाग लगाएर एक भाग कान्छी बहिनी जसको विहे भैसकेको थियो को भाग राखेर बाँकी दुई भाग (लाटी सानिमा र आफ्नो भाग) बेचिदिनु भयो । जग्गा बेचेर आएको पैसाले ऋण तिर्नु भएर बाँकी पैसाले स्थानीय साहु महाजनसँग हारगुहार मागी दाइलाई दुकान चलाउन खेलो राखिदिनुभयो । सरसरी भन्नुपर्दा हाम्रो मावाली छैन, मावालीको अनुभव अनुभूति हामीलाई छैन तर हाम्रो थाप्लोमा लागेको ऋण चुकाउन र हामीलाई स्वतन्त्ररुपमा आफ्नो व्यापार व्यवसाय गर्न मावालीको जग्गा बेचेर आएको पैसाले जुन वातावरण दियो त्यस्तो अवसर प्रत्यक्षरुपमा मावालीको माया पाउने भाग्यमानीहरूको भन्दा कम भएको अनुभव हामीलाई भएको छैन । दुकानमा लागेको ऋण त हामीले

मावालीको माध्यमबाट तिर्‍यौं, मावालीको त्यो ऋण हामी कसरी चुकाउन सकौंला ?

दाइ व्यापारमा अभ्यस्त हुनुभयो । माइला दाइले पनि वि.सं.२०२० सालबाट फोटो व्यवसाय शुरु गर्नुभयो ।

ठूलो दाइ र माइला दाइको अपेक्षा मैले पढाइमा अलिबढी निरन्तरता दिन पाएँ । यसका लागि दाइहरूप्रति कृतज्ञ छु । जेठा, माइलाले जस्तै वि.सं.२०३९ सालबाट कान्छा छोराले पनि आफ्नो व्यापार व्यवसाय शुरु गर्न थालेपछि आमाको दु:खका दिन गए । छोराहरू सबै कमाउने भए । आफ्ना लालाबाला पाल्नसक्ने भए । आमा नाति नातिनासँगै भुल्न थाले । यसरी सुखका पाटा फेरिदै गर्दा वि.सं.२०४४ सालतिर एकाएक ३ भाइहरू पनि छुट्टिने कुरा भएछ । दाजुभाइहरू छुट्टिनु अस्वभाविक थिएन तर आमाका लागि यो सहज थिएन । उनका लागि आफ्ना सन्तान सबैमा बराबर माया थियो, त्यसैले कान्छा छोराको लागि पनि टाउको लुकाउने एउटा घर बनाइदिएर मात्र छुट्टिभिन्न होऊ भन्ने आमाको आग्रह भएछ । तर सुनवाइ भएन । अन्तत: वि.सं.२०४५ सालमा हामी तीनभाइ पनि छुट्टियौं । पुर्ख्यौली घरमा आमासँग जेठा छोरा बस्ने भए । माइला छोरा पनि आफूले दु:ख गरेर बनाएको घरमा आफैं बस्छु भन्ने भए । त्यो स्वभाविक पनि थियो । कान्छा छोराले भर्खर भर्खरमात्र व्यवसाय शुरु गरेका थिए । अगाडिका समयहरू दुई दाइहरूको व्यापार व्यबसायमा सघाउँदैमा दिन बिते, वर्ष विते । आफ्नो भन्ने काम पनि देखिएन, दाम पनि देखिएन । दाइहरूको इच्छाअनुसार अंश रोजाएर उहाँहरूले छोड्नुभएको अंश लिएर बस्नुभन्दा उपाय थिएन ।

जेठा दाजु शान्तरत्न र म भौतिक रुपमा छुट्टिभिन्न भएको भएता पनि मानसिक र भावनात्मक रुपमा हामी छुट्टिभिन्न भएका थिएनौं । छुट्टिभिन्न भएर माइला दाजु आफ्नो घर जानुभए पनि हामी सगोलमा एउटै भान्सा गरेर बस्यौं । आमाले पनि आफ्नो जिउनीमा ठूलो छोरासँगै बस्छु भनेर लेखाउनु भएको रहेछ । तर भाग्यको खेला अर्कै रहेछ, आमा ठूलो छोरासँग धेरै बस्न पाउनु भएन । विधाताले वि.सं.२०५० चैत्र २ गते आमाको विश्वासको आधार खोसेर लग्यो । आमाले समय समयमा भन्ने गर्नुहुन्थ्यो -'म दाइलाई छोड्न सक्तिन, उनी मेरा दु:खका साथी हुन् । मैले जत्ति दु:ख भोगेको छु , सहेको छु, खेपेको छु त्यत्तिकै दु:ख जन्मैदेखि उसले पनि भोग्न, सहन परेको छ । त्यसैले म उनैसँग बस्छु ।' तर आमाले दाइलाई छोड्नुपर्ने मानसिक कष्ट व्यहोर्नु परेन । दाजुभाइ छुट्टिभिन्न भएको पाँच वर्ष पनि नवित्दै दाज्यू आफैंले आमालाई छोडेर जानुभयो । आमाले यो चोट पनि सहनै पर्‍यो । हुनत वि.सं.२०३१ सालमा बा वित्नुहुँदा पनि आमालाई कम चोट त परेन होला, फेरिपनि जुन छोरासँग बसेर आफ्नो बुढेसकाल बिताउँला भन्ने थियो, उनै छोरा पहिले आफैं बाटो लागेपछि मनमा पर्नु चोट त पर्‍यो नै होला ।

दाइ बित्नु भएर पनि हामी लामो समयसम्म तेर्सापट्टिकै घरमा आमा भाउजुसँग रह्यौं । हामी दाइको घरमा रहनुमा कुनै स्वार्थ थिएन । दाइका तीनवटै छोरीहरूको बिहे भैसकेको थियो । हामीले घर छाडेर जाँदा एकातिर भाउजु एक्लैहुने र अर्कोतिर आमा, जसले ठूलो संघर्ष गरेर दु:ख कष्ट सहेर घर बनाउनु भयो आज बुढ्यौलीमा आमालाई त्यही घरबाट निकालेर लैजानु उचित नहुने देखेर हामी अल्झियौं । तर विधिको निर्णय हामीले सोचे सम्झे जस्तो रहेनछ । आमाको शेष जीवन त्यस घरमा बित्ने वातावरण बन्न सकेन । हामीले त्यो घर छोडनु पर्ने भयो र आमाको भावना र चाहना विपरित वि.सं.२०६१ चैत्र ३० गते आमालाई लिएर न्यूरोड स्थित नयाँ घरमा सर्‍यौं । जीवनको अमूल्य

चार दशक बिताएको घर छोडेर निस्कनुपर्दा भावनात्मक रुपमा हामीलाई त कति चोट महशुस भएको थियो भने ८५ वर्ष पुगिसक्नु भएका आमा, कति वर्ष पो बाँच्नु हुन्थ्यो र मनमा झन् कति चोट पऱ्यो होला ? सहज अनुमान गर्न सकिने कुरा हो ।

न्यूरोडस्थित हामी बसेको घर वि.सं.२०५९ वैशाख १० गते आमाले शिलान्यास गर्नुभएको थियो । भाविले यही घरमा आफ्नो मरण पनि लेखेको छ भन्ने आमालाई के थाहा ? घर शिलान्यास भएको दुई वर्ष पुग्दा नपुग्दै हतारमा हामी न्यूरोड घर सऱ्यौं । न्यूरोड घर आएको दुई वर्ष पुग्दा नपुग्दै वि.सं.२०६३ माघ ७ गते आमाले यही घर पनि छोडेर जानुभयो । न्यूरोड घरमा सरेपछि आमाले जम्मा २१ महिना ७ दिन बिताउनु भयो । ती महिनाहरूमा पनि पछिल्लो १ महिना त अस्पताल र घर गर्दै विते ।

वि.सं.२०६३ लागेपछि आमा अलि उदासिन देखिन थाल्नु भएको थियो । सायद उहाँलाई मृत्युको पूर्वाभाष भयो । उहाँ जुनसुकै पर्वलाई पनि यो अन्तिम पर्व हो । अर्को वर्ष मान्न पाउँछु कि पाउँदिन भन्नु हुन्थ्यो । हामीलाई पनि मनमा कताकतै त्यस्तै लागेर आमाको ८४औं जन्मोत्सव पछि यसपटक केही इष्टमित्र, दाजूभाइ परिवार र नाति नातिना भेला गराएर रमाइलो गरी जन्मोत्सव मनायौं । अन्ततः आमाले जे भन्ने गर्नुहुन्थ्यो त्यही भयो । दशैं, तिहार सबै पर्व अन्तिम भयो ।

आमालाई यही लागेर होला दसैं यता आफ्नो जीउनीको खेत बेचिदिन्छु मात्र भनिरहनु हुन्थ्यो । उहाँ प्रायः भन्ने गर्नुहुन्थ्यो - 'खेत बेचेर आएको पैसा आधा लाटी (बहिनी) को भाग राखिदिन्छु नत्र मलाई उसको भारा लाग्छ । उसको भागको माइतीको जग्गा मैले बेचिदिएको छु । बाँकी आधा पैसा मेरो काजकृया खर्च राखेर, केही दानपुण्य गर्छु नाति नातिनाको हातमा अलिअलि पैसा राखिदिन्छु र बचेको पैसा तीनभाइ छोरालाई मेरै हातले बाँडीदिन्छु ।' आमाले बारम्बार यस्तो चाहना व्यक्तगर्न थाल्नु भएपछि मैलेमात्र यो कुरा भन्दा अरुले शंकागर्ने स्थिति रहेको हुँदा आमाको यो चाहना अरुलाई पनि थाहाहोस् र आमाको इच्छाअनुसार कामगर्न सजिलो होस् भन्ने लागेर आमा ओछ्यान पर्नु अगावै सूर्यरत्न दाइ, कृष्णरत्न दाइ र चेतराज भिनाजुलाई आमाको चाहना सुनिदिन आग्रह गरें । आमाले उहाँहरू सामु पनि त्यहीकुरा भन्नु भयो । आमाको चाहना अनुसार नै काम हुने आश्वासन दिएर उहाँहरू जानुभयो । खेत बेच्ने मेसो गर्दागर्दै केही हप्तापछि आमा ओछ्यान पर्नुभयो । त्यसपछि अस्पताल र घर गर्दागर्दै महिना दिन वितिहाले । आमाको अवस्था झनझन विग्रँदै गएपछि माघ १ गते मेरो जन्मदिनका दिन आमालाई अस्पतालबाट घरै लिएर आइयो । यसपटक आमाले जन्मदिनमा सगुन पनि दिन सक्नु भएन, शव्दमा आशीष पनि दिन सक्नुभएन । सौभाग्यले ५८औं जन्मोत्सव आमासाथ मनाउन पाइयो ।

आमाको अवस्था झनझन विग्रँदै गैरहेको अवस्थामै माघ ५ गते खेत बिक्रीको बैनापत्ता भयो । आमालाई यसबारेमा जानकारी दिइ केही विशेक भएपछि नाति नातिनाका हातमा पैसा राखिदिनुहोला भनें । नाति नातिनालाई जम्मा गर्नु त परै जावस् खबरसम्म गर्न भ्याइएको होइन । ७ गते बेलुकी सबै संसारिक मायालाई छोडेर आमा आफैं गैहाल्नु भयो ।

आमालाई समष्टिमा हेर्नुपर्दा केटाकेटीहरू नहुर्केसम्म माइतीदेखि घरसम्मको परिवेश साह्रै कष्टकर रह्यो । आमा संघर्षबाट कहिल्यै पलायन हुनुभएन । उहाँको प्रारम्भिक जीवन दुःख, कष्ट र अभावै अभावमा वित्यो । तथापी धन र दौलतमा आमा कहिल्यै प्रभावित हुनु भएन । उहाँ धनकारी नभए पनि अरुको उपकारमा सधैं मनकारी रहनु

भयो । आफ्ना छरछिमेकमा कसैलाई पनि साह्रो गाह्रो पर्दा उहाँ आफुले सकेको सहयोग जुटाउन कहिल्यै पछि पर्नु भएन । यतिखेर मलाई सानै छँदाको एउटा घटना स्मरण हुन्छ । हामी त्यतिखेर सगोलमा थियौं । घर अगाडि गणेश मन्दिर र मन्दिर पछाडि एकतल्ले पाटी थियो । पाटीमा गुप्ताङ्ग बिमारी एउटी आइमाइ बसेकी थिई । तिनी यत्ति विघ्न दुर्गन्धित थिइन कि जो कोही तिनको अगाडि जान हिचकिचाउँथे । उनको यो अवस्था आमाका लागि देखिनसक्नु भयो । आमा परिवारजनको आँखा छलेर ती आइमाइको उपचार र सेवामा पुग्नु हुन्थ्यो । प्रतिकूल अवस्थामा आफ्नो भागको खानेकुरा पनि ती आइमाइलाई लगेर ख्वाउनु हुन्थ्यो । यसरी आमाको उपचार सेवाबाट ती आइमाइले स्वास्थलाभ गरी । स्वास्थलाभ गरिसकेपछि कहिले काहीं ती आइमाइले आमालाई भेट्न आउँदा घरमा बा, काकाहरूले तिम्रो बहिनी भेट्न आएको छ, भनेर जिस्काउने गरेको प्रसङ्ग आमा हाँस्दै हामीलाई बताउनु हुन्थ्यो ।

वि.सं.२०१८ सालतिर जर्ज जोन सरले मेडम एलियामा जोनलाई पोखरा लिएर आउनु भएको थियो । संयोगले हाम्रो घर अगाडि खेमनारायण दाइको घरमा जोनसरको दम्पत्ति बस्नु भएको थियो । उसबेला आजभोलि जस्तो घरघरमा पानी धारोको व्यवस्था थिएन । पानी ल्याउन गाग्री बोकेर पँधेरामा जानु पर्थ्यो । पानीलिन जान मेडम अभ्यस्त हुनुहुन्नथ्यो । यो समस्या देखेर मेडमका लागि कहिले काहीं आमाले घर बाटै पानी पुऱ्याइदिनु हुन्थ्यो । यो कुरा एलियामा जोन मेडम बारंबार सुनाउनु हुन्थ्यो ।

आर्काको दु:खमा आमा जत्ति दयालु हुनुहुन्थ्यो, आफ्ना सन्तानप्रति भएको अन्यायप्रति उहाँ त्यत्तिकै कठोर पनि हुनुहुन्थ्यो । एउटा घटना – वि.सं.२०२२ सालतिर दाइहरू मुक्तिनाथ यात्रामा जानुहुँदा साथ लगेको भरिया बीचबाटोबाटै लगेको सामान लत्ताकपडा सहित भागेछन् । संयोगले त्यस भरियालाई आमाले केही दिनपछि भेट्टाउनु भएछ । आमाले त्यस भरियाको सबैको सामुन्ने यस्तो हविगत गरिदिनु भएछ कि उसले लगाइराखेको हाम्रा दाजुहरूको लुगा तत्स्थान मै च्यातिदिनु भएछ । अन्याय र बैमानी प्रतिको यो भन्दा ठूलो आक्रोश अरु के हुन सक्छ ?

आमालाई आध्यात्मिकता सम्बन्धी खासै जानकारी नभए पनि सक्दो दानदातव्य र तीर्थव्रतमा कहिल्यै पछिपर्नु भएन । तीर्थको क्रममा साइ दर्शनका लागि प्रशान्ति निलयम पुट्टपर्ति पुग्नुभयो भने धर्मशीला बुद्धविहारको अगुवाइमा बौद्ध तीर्थमा पनि जानुभएको थियो । पोखराभित्र र बाहिर हुने सानाठूला धार्मिक कार्यक्रमहरूमा उहाँको सहभागिता रहने गर्दथ्यो । यसैक्रममा वि.सं.२०५३ सालमा पोखरामा भएको १० दिवसीय विपश्यना ध्यान शिविर मा उहाँ पनि सहभागी हुनुभयो । आमाको श्री सत्य साइ केन्द्र र उपासिका संघ, धर्मशीला बुद्ध बिहार प्रति गहिरो श्रद्धा थियो । साइ केन्द्र भवन बनाउन जग्गाको कमी भएपछि सँगैको उहाँको जग्गा किनेको परल मोलमै पनि केही रकम साइकेन्द्रलाई छोडेर उपलब्ध गराउनु भएको थियो । म्याग्दी बेनीमा बनेको पहिलो बौद्ध चैत्यलाई आर्थिक सहयोग सहित चैत्यमा राख्ने बुद्धमूर्तिहरू प्रदान गर्नुभएको थियो भने नारायणस्थान स्थित मैत्री चैत्य र विपश्यना भवनका लागि पनि आर्थिक सहयोग जुटाउनु भएको थियो ।

यसरी आमाले आफ्नो जीवनको पूवार्ध दु:ख कष्टकासाथ विताउनु परेपनि उत्तरार्धको समय सुखपूर्वक नै विताउनु भएको अनुमान पङ्तिकारलाई छ ।

अस्तु ।

**२०६३ माघ ८ गते, पोखरा ।**

**(आमाको मासिक पुण्यतिथि)**

## आमा- क्यामराको आखीझ्यालबाट - १

– विश्व शाक्य



दिवंगत पिता सिद्धिरत्न शाक्य



पिता सिद्धिरत्न शाक्य, माता सेतुली शाक्य -२०२८



आमा सेतुली शाक्य -२०२८



तीनभाइ छोरा शान्तरत्न, शम्भुरत्न, विश्वरत्नसाथ आमा



तीन देउरानी जेठानी आमा, ठुलीआमा, काकीआमा -२०३७



सँगोलमा हुँदाको सामुहिक फोटो - दसैं २०४३



तीन बुहारीहरूकासाथ आमा -२०३६

# आमा र तीनभाइ परिवार - ३


– फोटो : विश्व शाक्य




जेठा छोरा शान्तरत्न शाक्यको परिवार -२०३९



कान्छा छोरा विश्वरत्न शाक्यको परिवार -२०५७



माइला छोरा शम्भुरत्न शाक्यको परिवार -२०६३.१०.१३



पनाति रोहन शाक्य, अभीष्ट शाक्य (संजय, अशेष पुत्र)



तीन दिदीबहिनी -२०३९



भाइपूजाका दिन नातिनातिना र छोरा बुहारीसँग सामुहिक फोटो -२०६१

# आमाको ८४ पूजा -२०५८ - ४

– फोटो : विश्व शाक्य





ठूलीआमा टीका लगाइदिनुहुँदै





पनातिनी सुमना बज्राचार्य



नाति अशेष शाक्य



लाखबत्ती बाल्नुहुँदै आमा



मैत्री चैत्यमा लाखबत्ती बाल्दै



परित्राणपाठ गर्नुहुँदै भन्ते गुरुमा





भन्ते, गुरुमालाई दानगर्नुहुँदै



PDFelement


मूर्तिदान, स्यांग्दी बेंसी -२०५७


गोरखकाली दर्शन, गोर्खा -२०३०


मनकामना दर्शन -२०३०


कान्छा छोराको घरपूजामा सत्र ग्रहण -२०६१


जेठा छोरा शान्तरत्नसँग साई दर्शन, पुट्टपर्ती -२०३२


देवरको छोरा बुहारीसँग त्रिवेणी दर्शन


साई केन्द्र, पोखरामा आरती -२०५६


स्वयम्भू, काठमाडौं -२०२९


लुम्बिनी दर्शन -२०५९


विपश्यना ध्यानमा सहभागी -२०५३



सानी दिदीबाट भाइटीका -२०३४



नातिहरू अशेष, संजय -२०३४



नातिहरूलाई टीका लगाइदिनुहुँदै हजुरआमा -२०४०



पनाति (अभीष्ट) अन्नप्रासन -२०५९




पनाति अभीष्ट शाक्यको पहिलो टीका -२०६०



पनाति रोहन शाक्यको पहिलो र अन्तिम टीका -२०६३




पनाति अभीष्ट शाक्यलाई अन्तिम टीका -२०६३



कान्छा छोरातिरको कान्छो नाति निशेष



भान्जाबाबुलाई जन्मदिनमा टीका लगाइदिनु हुँदै -२०५८



'बुढिअजी'को अन्तिम काख-२०६३




बुबाको [illegible] पुण्यतिथी तथा [illegible] अवसरमा प्रकाशित पुस्तक -[illegible]



भिक्षु सङ्घलाई भोजन दान -२०६३



बुढीअजिको मायाँ



पनातिको मायाँ



बुढीअजिलाई चुम्मा






पोखरा नयाँ बजारस्थित कान्छा छोरा विश्व शाक्यको घर जगपूजामा आमालाई सघाउँदै जेठा छोरा शान्तरत्न -२०४७ फागुन १०



दुःखगरी बनाई ४८वर्ष बिताउनु भएको तेर्सापट्टिस्थित घर



कान्छा छोराको न्यूरोडस्थित घरको जगपूजा गर्नुहुँदै -२०५९ वैशाख १०



आमा देहावशान हुनुभएको न्यूरोडस्थित घर

## आमा- क्यामराको आँखीझ्यालबाट - २ - फोटो : विश्व शाक्य




चामल निफन्दै आमा -२०३०



चतामरी बनाउँदै माइली बुहारीसँग आमा -२०२७



नातिनी सरितालाई दुध ख्वाउनुहुँदै आमा -२०२४




हजुरबा हजुरआमासँग नातिनी सुनिता -२०२८



गुन्द्री बुन्ने मेसो मिलाउनुहुँदै आमा -२०३३



कान्छा छोराको विहेमा बुहारीबाट सुपारी लिंदै -२०३१



भान्सामा कालोदाल थपिदिंदै आमा -२०२६



आमासँगको अन्तिम दसैं र पारिवारिक फोटो -२०६३



८७ औं जन्मोत्सवमा सगुन दिँदै कान्छी बुहारी बुलु



आमाको तस्वीर अब
क्यामराले खिचिने छैन



८७औं जन्मोत्सवमा कान्छा छोरालाई टीका लगाउँदै



अन्तिम मुस्कान अब स्मृति मात्र



फोटो : २०६३ माघ ५गते

कान्छी बुहारीसँग जीवनको अन्तिम क्षण

देहावसान : २०६३ माघ ७ गते

# बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र: काभ्रेको नमोबुद्ध

- वासुदेव गौडेल

नेपालमा रहेका अनगिन्ती चैत्य एवं स्तुपहरु मध्ये बौद्ध, स्वयंभू एवं नमोबुद्ध स्तूपलाई प्रमुख तीन स्तूप मानिन्छ । बौद्ध एवं स्वयंभू स्तूप काठमाण्डौ जिल्लामा अवस्थित छन् भने नमोबुद्ध स्तूप भने काभ्रे जिल्लाको नमोबुद्ध भन्ने ठाउँमा अवस्थित छ । नमोबुद्ध स्तूपको दर्शनार्थ सयौं व्यक्तिहरु त्यहाँ पुग्ने गर्दछन् । थेरवाद साहिंत्यमा उल्लेख गरिएका अठ्ठ महाठानानी (आठ वटा तीर्थस्थल) मा भने यी तीन वटा स्तूपहरुको उल्लेख नगरिएको भएतापनि महायान बुद्ध धर्म अन्तर्गत लामा बुद्ध धर्म अर्थात तिब्बती बुद्ध धर्ममा भने स्वयम्भू, बौद्ध एवं नमोबुद्ध स्तूपलाई प्रमुख तीर्थस्थलहरु मध्यका स्तूपहरु मानिन्छ । तिब्बती बुद्धधर्म सँग सम्बन्धित भएको हुँदा काभ्रेको नमोबुद्धमा नेपाली तीर्थयात्रुका अतिरिक्त उल्लेख्य रुपमा तिब्बती तीर्थयात्रुहरुको समेत घुइचो भइरहन्छ । नमोबुद्ध संस्कृत शब्द हो । यसलाई तिब्बती भाषामा ताग्मो ल जीन (Tagmo L-Jin) भनिन्छ । जसको शाब्दिक अर्थ बुद्धले बघिनीलाई आफ्नो शरीरको बलि दिएको ठाउँ भन्ने हुन्छ । नमो बुद्ध स्तूपको निर्माण कहिले भएको हो भन्ने वारेमा विभिन्न किंवदन्तीहरु पाइन्छन् । एउटा प्रसिद्ध किंवदन्ती अनुसार धेरै कल्प अगाडि हालको काभ्रेको नमोबुद्ध भन्ने ठाउँमा सिङगता छेन्पो (Shingta Chenpo) नामक राजाले राज्य गर्दथे । उनले यस संसारमा करिब ५००० कल्प वर्षसम्म शासन गरेका थिए । यिनै सिङगता छेन्पो नामक राजाका तनिजना छोराहरु थिए । तीनजना छोराहरु मध्ये कान्छा छोराको नाम सेम्जीन छेन्पो थियो । हुने विरुवाको चिल्लो पात भने झैं सेम्जीन छेन्पो पनि बाल्यकाल देखि नै अति दयालु मायालु एवं प्रकृतिप्रेमी थिए । प्रकृतिको क्रिडा गर्ने क्रममा एकदिन सेम्जीन छेन्पो आफ्ना २ जना दाजुहरु सँगै दरवार नजिकैको वनमा गएका थिए । एक्कासी उनीहरुले एउटी बघिनीलाई देखे । त्यो बघिनीले भर्खरै मात्र डमरुहरुलाई जन्म दिएकी थिई । प्रसव पिडा र भोकले गर्दा उ जन्म र मरणको दोसाँधमा परेकी थिई । यस्तो दयनीय अवस्था देखेर सेम्जीन छेन्पोको हृदय विभोर भएर आयो । उनले उक्त बघिनीलाई सहयोग गर्ने विचार गरे । आफ्ना दुईजना दाजुहरुलाई दरवार तर्फ पठाइ आफू भने बघिनी भएको ठाउँमा गए । वरिपरि उसलाई खान दिने कुरा केही पनि नदेखे पछि आफू स्वयं बघिनीको मुख नजिकै गएर बसे तर पनि बघिनीले उनलाई खान नसके पछि आफ्नो मासु आफैले काटी बघिनीको मुखमा राखि दिए । यसरी कसैको ज्यान बचाउनका लागि उनले आफ्नो ज्यानकै आहुती दिए । लामो समयसम्म राजकुमार दरवारमा नफर्के पछि खोजी गर्दै जाँदा उनका दाजुहरुले उनको अस्थिपञ्जर बघिनीको नजिकै देखे । आफ्नो भाईको यस्तो हालत देखेर उनीहरु मुर्छित भए । जब यो कुरा दरवारमा जाहेर गरियो त्यसपछि राजा र रानी स्वयं उक्त स्थानमा गई सेम्जीन छेन्पोको अस्थिपञ्जरलाई माटोमा पुरी उक्त स्थानमा एउटा स्तूपको निर्माण गरे । उक्त स्तूप नै पछि नमोबुद्ध स्तूपको नामले प्रसिद्ध हुन पुग्यो ।

बघिनीलाई बचाउनका लागि आफ्नो प्राणै आहुति दिएर सेम्जीन छेन्पोले यस संसारमा भएका दु:खहरुबाट मुक्ति पाई तुषिता भुवनमा भगवानका रुपमा जन्म लिए । आफ्नो त्यस किसिमको कृयाकलापबाट आफ्ना माता पितालाई ठूलो दु:ख परेको ठानी सेम्जीन छेन्पो तुषिता भुवनबाट यस पृथ्वीमा आई आफ्ना बा, आमालाई सम्झाई बुझाई पुन तुषिता भुवनतर्फ लागे भन्ने विश्वास तिब्बती बौद्ध धर्मावलम्बीहरुमा छ ।

नमोबुद्धको स्तूप भित्र रहेको मूर्तिमा पनि सेम्जीन छेन्पोले बघिनीलाई आफ्नो शरीर काटेर दिन लागेको दृश्य देख्न सकिन्छ । नमोबुद्धमा नमो बुद्ध स्तूपका अतिरिक्त स-साना छोर्तेनहरु, माने पर्खाल, लगायत अन्य स-साना स्तूपहरु रहेका छन् । त्यहाँ टाँगिएका ध्वजा पताकाहरुले स्तूप परिसर नै शान्तमय बनेको छ । नमोबुद्धमा कर्मा कग्यू सम्प्रदाय अन्तर्गतको पाल थारगु टासी छोलिङ्ग नामक गुम्बा रहेको छ । जसमा दर्जनौं लामाहरुले बुद्धधर्म एवं दर्शनको अध्ययन गरिरहेका छन् । यस पाल थारगु टासी छोलिङ्ग गुम्बाको दैनिकी बिहान सबेरै बिहानी पूजाबाट शुरु हुन्छ । बिहानी पूजा ६ बजे समाप्त भई ६ बजे बाट ७ बजे सम्म चार द्वारपालहरुलाई टोर्मा चढाउने कार्यक्रम हुन्छ । ७ बजेबाट ८ बजे सम्म ब्रेकफास्ट, त्यसपछि ११ बजे सम्म बिहानी कक्षा, ११ बजे बाट १२ बजे सम्म लन्च, १२ बजेबाट १ बजेसम्म ब्रेक, १ बजे बाट ३ बजेसम्म पुनः कक्षा सञ्चालन हुन्छ । ३ बजे बाट ४:३० बजे सम्म महांकाल पूजा, ४.३० बाट ६ बजेसम्म बज्रकील पूजा, ६ बजेबाट ६:३० बजेसम्म डिनर, त्यसपछि १० बजे सम्म अन्य बिबिध कृयाकलापहरु गरि एकदिनको दैनिकी समाप्त गरिन्छ ।

नमो बुद्धमा जानका लागि काभ्रे जिल्लाको धुलिखेलबाट लगभग ४५ मिनेट जतिको बसयात्रा पछि नमोबुद्ध नामक मनमोहक स्थानमा पुग्न सकिन्छ । नमोबुद्ध बाट मनमोहक हिमश्रृङ्खला, वन जंगल एवं मनमोहक खेतका फाँटहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

नमोबुद्ध बौद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र मात्र नभई एउटा सम्भावित पर्यटकीय स्थल पनि हो । नमोबुद्धबाट पनौतिसम्म हाइकिङ्ग एवं माउन्टेन बाइकिङ्ग पनि गर्न सकिन्छ । नमोबुद्ध बाट पनौतिसम्म करिब ३ घन्टाको पैदलयात्रा अर्थात १:३०/२ घन्टा सम्मको माउन्टेन बाइकिङ्गबाट पनौति सम्म पुग्न सकिन्छ । नमोबुद्ध बाट पनौति सम्मको पैदल यात्राका क्रममा मनमोहक हिमश्रृङ्खलाहरु, लप्सी, चिलाउने उत्तिस लगायतका बोट विरुवाहरुको हरियाली जंगल चरा चुरुङ्गीहरु, सुन्तलाका बगैचा, खेतका हरिया फाँटहरु प्राचीन नेवारी बस्तिहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

एकातर्फ नमोबुद्ध धार्मिक दृष्टिले महत्वपूर्ण स्थल हो भने अर्को तर्फ पर्यटकीय दृष्टिले पनि नमोबुद्ध अति महत्वपूर्ण स्थल बन्न सक्ने हुँदा त्यहाँ रहेका अति प्राचीन एवं ऐतिहासिक मूर्तिहरु, स्तूप, छोर्तेनहरुको संरक्षण गरी पर्यटक एवं तीर्थयात्रीहरुका लागि सुविधाजनक होटल, लज, रेष्टुराँ, पाटी पौवाहरु लगायतका भौतिक पूर्वाधारहरुको उचित व्यवस्था गर्न सकेमा आन्तरीक एवं बाह्य पर्यटन मार्फत काभ्रे जिल्लाकै साँस्कृतिक एवं आर्थिक विकासमा टेवा पुग्ने हुँदा सम्बन्धित निकायले त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । शहरी प्रदूषणबाट टाढा सुन्दर शान्त एवं स्वच्छ वातावरणमा रहेको नमोबुद्ध स्तूपको दर्शन गरी पुण्य लाभ गरौं ।

**धर्म चक्षु मासिक राजधानी बाहिरबाट प्रकाशित हुने एक मात्र बौद्ध पत्रिका हो । यसको वार्षिक ग्राहक बनेर तथा यसमा लेख, रचना, समाचार आदि पठाएर सहयोग गर्नु हुन अनुरोध छ ।**

वार्षिक ग्राहक शुल्क
(१२ अंकको) रु. १५०/-

- संपादक

# बौद्ध दर्शनको अनुशरणबाट दिगो शान्तिको अपेक्षा

*- तिलकमान गुभाजू*

नेपाल र नेपालीलाई विश्वमा चिनाउने धेरै कुराहरु छन् । ती कुराहरु मध्ये मुख्य दुईवटा मानिन्छन् । ती हुन्-विश्वको सर्वोच्च शिखर सगरमाथा र अर्को शान्तिका अग्रदूत तथा अहिंसाको पूजारी भगवान बुद्ध । हामी यसमा भगवान बुद्धका संबन्धमा चर्चा गर्ने जमर्को गर्दैछौं । भगवान बुद्ध र उनले प्रतिपादन गरेको बुद्ध धर्म नेपाल र नेपालीको पर्याय र प्रतीक भैसकेको छ । बाह्य देशका मानिसहरुले बुद्ध भन्नासाथ नेपाललाई संझन्छन् । हामी नेपालबाट आएको भन्नासाथ उनीहरुले बुद्धको देशबाट आएको अथवा बुद्ध जन्मेको ठाउँबाट आएको भनेर बुझ्दछन् । बुद्धका देशका मानिस भनेपछि कतिपयको हेर्ने दृष्टिकोण नै फरक भएको अनुभव गर्नेहरु पनि छन् । उनीहरुले नेपालका बौद्धहरुलाई धेरै सम्मान गर्दछन् ।

बाह्य देशहरुमा बुद्धधर्मका ठूल्ठूला मन्दिर, चैत्य, गुम्बा, बिहारहरु निर्माण गरिएका छन् । उनीहरु बुद्धलाई बडो श्रद्धाका साथ पूजा गर्दछन्, मान्दछन् । जापान, थाईल्याण्ड, वर्मा देखि दक्षिण पूर्वी एशियाका देशहरुमा बुद्धधर्मका ठूल्ठूला स्मारकहरु छन् । धार्मिक एवं पर्यटकीय महत्व बोकेका ती चैत्य गुम्बाहरु ती देशका आम्दानीको श्रोत पनि भएका छन् । युरोप हुँदै यो धर्म अमेरिका पनि पुगेको छ । एक प्रतिशत अमेरिकीहरु बौद्ध भएको अनुमान गरिएको छ । चीनमा इशाको पहिलो शताब्दीमा नै बुद्धधर्म पुगेको हो । नेपाली कलाकार अरनिकोले तेह्रौं शताब्दीमा त्यहाँ नेपाली शैलीको श्वेत चैत्य देखि धेरै स्मारकहरु निर्माण गरेको इतिहासमा उल्लेख छ । चीनले लुम्बिनीमा गुरुयोजना अनुसार विशाल गुम्बा निर्माण गरेको छ । चीनियाँ पर्यटकहरु नेपाल आउँदा लुम्बिनीमा पुगेर दर्शन अवलोकन गर्दछन् । विश्वसंस्था संयुक्त राष्ट्र संघको विशेष पहलमा लुम्बिनी गुरुयोजना तर्जुमा गरिएको सर्वविदित कुरा हो । विश्वका एक अर्व पैंतीस करोड मानिसले बुद्धधर्म अपनाएको तथ्याङ्क छ । बाह्य देशमा नेपालका प्रतीक र प्रतिष्ठा भएको बुद्ध र बुद्धधर्मलाई त्यसरी मान्छन् तापनि नेपाल भित्र नेपालीहरुले नै त्यत्ति मानेको नदेख्दा र मान्न हिच्किचाएको देख्दा विदेशीहरु छक्क पर्दछन् । बत्तीमुनि अँध्यारो भन्ने उखान नेपालमा चरितार्थ भएको संझन्छन् । यो उखान हिजो स्वाभाविक मानिन्थ्यो भने आज त्यसलाई स्वाभाविक भन्न सकिन्न । प्रबिधि र विचारको विकासले बत्तीमुनि हुने अँध्यारोपनलाई हटाई सकेको छ । बुद्धधर्मको विश्वव्यापीकरणले गर्दा नेपाल र नेपालीहरुले पनि यस सम्बन्धमा सोच्नुपर्ने समय आईसकेको छ । नयाँ नेपालको निर्माण गर्न अग्रसर भएका नेपालीहरु आज पुरानो विचार र अवधारणामा नै डुबुल्की मारिरहनु के कति उचित हुन्छ, सोचनीय विषय हो ।

नयाँ नेपाल त्यसै निमाण हुँदैन । मुखले भनेर, नारामा अंकित गरेर पनि नेपाल नयाँ बन्दैन । नयाँ नेपालको लागि नयाँ सोच र नयाँ विचार चाहिन्छ । जसरी हिमाल आरोहण गर्नका लागि अक्सिजन लगायतका तत्संबन्धी सामग्रीहरु चाहिन्छ, त्यसरी नै नेपाललाई कहाँ कसरी लैजाने हो, त्यस्तै आधारभूत कुराहरु अपनाएर अघि बढ्नु पर्दछ । तर यहाँ नेपालका अभियन्ताहरुले जे-जति

चित्र कोरेका देखिएका छन्, ती सबै बाह्य आडम्बर जस्तै छ। भित्र सुधार नगरी बाहिर लिपपोट मात्र गरी सिंगार्न खोज्नु के-कति उपयुक्त होला र राम्रो देखिएला, त्यो विचार गर्नुपर्ने कुरा हो।

सामन्ती संस्कार हटाउनु पर्ने कुरा अहिले जोडतोड साथ आएको छ। तर त्यत्ति नै पर्याप्त हुदैन। समाजमा अन्धविश्वास छ। संस्कार र संस्कृतिको नाममा चलेको बोझिलो रितिथिति छ। धर्मसँग सम्बन्धित अनावश्यक कर्मकाण्ड छ। परंपरा छ। त्यस्तैलाई आफ्नो पहिचान र विशेषता मान्ने मन छ। त्यस्तै कुरालाई भव्यताका साथ संपन्न गर्नु नै प्रतिष्ठा हो भन्ने सामाजिक चलन र व्यवहार छ। यस्ता कुराहरु आवश्यक के के हुन् र अनावश्यक के के हुन्, समय सान्दर्भिक हिसाबले खुट्याउनु पर्दछ र आवश्यक कुराहरु त्याग्ने साहस चाहिन्छ। तिनीहरुलाई अन्य पदार्थ जस्तो गरी टप्प टिपेर फ्याँक्न सकिन्न। संस्कारगत रुपले स्वभावमा पसेका कुराहरुलाई त्याग्न क्रान्ति नै गर्नु पर्दछ। तर त्यस्तो क्रान्तिको शुरुवात कहिंकतैबाट भएको देखिएको छैन। मानिसहरु बाह्य क्रान्तिको खूब कुरा गर्दछन्, तर मनभित्र गर्नुपर्ने क्रान्तितिर लाग्दैनन्। मानिसको जीवनलाई वास्तविक परिवर्तन गर्ने भित्री मनले हो। यो कुरा छिटो बुझ्नु आवश्यक छ।

हामीले सामन्ती संस्कार फाल्नु पर्दछ। यसमा कसैको विमती छैन। तर त्यसो भन्ने हामी मध्येमै पनि सामन्ती संस्कार छिपेको देखिन्छ। बेला मौकामा हामीले पनि आफू भन्दा तल्लो तहका र कमजोरहरुलाई अथाह किसिमले सामन्ती व्यवहार गरिरहेका हुन्छौं। शोषण र दमन गरिरहेका हुन्छौं। आफू ठूलो भन्ने बडप्पन र घमण्डले सामन्तीपनको वीजारोपण गरेको हुन्छ। जुन सामान्यतया हामीलाई थाहा हुँदैन। यस्तो कुरामा बडो सुक्ष्म किसिमले चिन्तन गर्नु पर्दछ।

भगवान बुद्धले समताको सिद्धान्त त्यसै प्रतिपादन गरेका होइनन्। त्यो समानता भित्र धेरै कुरा छिपेका छन्। त्यो भावनाले धेरै विकृति र विसंगति हटाएर फ्याँक्दछ। उनले बाह्य आडम्बर को कुरा कहिल्यै गरेनन्। उनले भित्रैबाट सुधार र परिस्कृत गर्ने कुरा गरे। मनलाई बढि जोड दिए र मन निर्मल पार्नु पर्दछ भनेर अनेक विधि र बाटाहरु देखाए। भित्र मनबाट आएको कुरा वास्तवमा स्वाभाविक हुन्छ। बुद्धधर्मको यो मापदण्डबाट नाप्दा हामी को-को के कति पानीमा छौं भन्ने प्रष्ट देखिन्छ। तर त्यो हेर्ने एउटै दृष्टि चाहिन्छ, दृष्टिकोण चाहिन्छ र आफैले आफ्नो मूल्याङ्कन गर्ने एउटा साहस र इमान्दारीता चाहिन्छ। त्यो साहस र इमान्दारीता उमार्न सक्नु पर्दछ।

सबैलाई थाहा छ कि बुद्धधर्म अहिंसाको धर्म हो, शान्तिको धर्म हो। दश वर्ष भन्दा लामो समय हत्या, हिंसा र युद्धबाट जर्जर भएको देश, जुन अहिले शान्ति मार्गमा जान खोजिरहेछ, यस्तो बेलामा पनि भगवान बुद्धको शान्ति, मैत्री र अहिंसाका कुरालाई गम्भीरतापूर्वक लिएको देखिएन। बुद्धधर्मको यस्तो शान्तिको गोरेटोमा डोऱ्याउने शिक्षा र सिद्धान्त बढि भन्दा बढि प्रचार प्रसार हुनु पर्दथ्यो। तर देशमा त्यस्तो देखिएन। न त शान्तिकामीहरुले पनि दिगो शान्तिका लागि कुन बाटो अपनाउनु उपयुक्त होला भनेर यताउता खोजेको नै देखियो। यहाँ अझ पनि शान्तिको कुरा गर्नेको भन्दा "मार्ने र मर्ने"कुरा गर्नेको बजार भाउ चर्को छ। यहाँ अझ पनि बनाउने र विकास गर्नेहरुको स्वर भन्दा भत्काउने र आगजनी गर्नेहरुको शक्ति ठूलो छ। यी सबैबाट प्रष्टिन्छ कि यहाँ बुद्ध शिक्षाको सर्वथा अभाव छ। दश वर्षको जनयुद्धले जर्जर भएको देशमा २१ दिनको तराई आन्दोलनले जनधनको उत्तिकै क्षति गऱ्यो। तैपनि कसैको चेत नखुल्नु आश्चर्यको कुरा हो।

भगवान बुद्धले प्रतिपादन गरेको शिक्षा, सिद्धान्त र आदर्श एक धर्ममात्र होइन । तिनीहरुलाई धर्म र धार्मिक कार्यहरुमा मात्र सीमित गरिनु हुँदैन । उनले अन्य धर्मका प्रतिपादकले भन्दा छुट्टै र बेग्लै विचार दिएका छन्। मानिस मानिस वीचको छुवाछुत र जातीय भेदभाब उनले स्थापना गर्न खोजेको समाजमा वर्जित छ। त्यस दृष्टिले उनको विचार मानवतावादी विचार हो । उनले स्थापना गरेको भिक्षु समाज समाजवादी चिन्तनको छ। संघीयप्रथा लागु गर्ने उनी पहिलो व्यक्ति हुन्। आफ्ना शिक्षा, सिद्धान्त र विचार प्रचार गर्न उनले संघको स्थापना गरे । उनले शील, समाधि र प्रज्ञाको कुरा ल्याए। शीलविना समाजमा नैतिक मूल्य मान्यता सुदृढ हुँदैन। समाधि विना ज्ञान प्राप्त हुँदैन। उनले ज्ञान मात्र होइन, प्रज्ञाको कुरा गरेका छन्। जीवनमा ज्ञान र विज्ञानमा यत्ति धेरै जोड दिने उनी पहिलो दार्शनिक हुन् । महान दार्शनिक ! शान्ति, मैत्री र अहिंसामा आधारित उनको दर्शनले विश्वमा आशा र भरोसाको एउटा नयाँ क्षितिज देखाएको छ । त्यसैले उनलाई एशियाको प्रकाश भनिएको हो। वास्तवमा उनी एशियाको मात्र प्रकाश नभै विश्वकै ज्योतिपुञ्ज भएका छन् । यस्तो महान व्यक्तित्व र उनका आदर्श र विचारलाई नेपाल र नेपालीले राम्ररी अपनाउन नसक्नु नै हाम्रो दुर्गतिको कारण हो कि, सोच्नुपर्ने बेला आएको छ।

भगवान बुद्धले अरुले जस्तो गरी धर्मलाई र धर्म अन्तर्गतका कर्मकाण्डलाई त्यत्ति महत्व दिएको पनि छैन । उनले धर्मलाई एउटा डुङ्गा सँग तुलना गरेका छन्। जसरी हामीलाई सागर पार गर्नका लागि डुङ्गाको आवश्यकता पर्दछ, त्यसरी नै यो भवसागर पार गर्नलाई धर्म चाहिन्छ । तर त्यो पार गरिसके पछि जसरी डुङ्गाको आवश्यकता हुँदैन, त्यसरी नै त्यो अवस्थामा धर्मको पनि आवश्यकता हुँदैन । त्यस्तो बेलामा पनि धर्मलाई बोकिराख्नु सागर पार भएपछि पनि डुङ्गालाई बोकेर लैजानु जस्तो हुन्छ । उनले प्रष्ट भनेका छन्- मेरो धर्म एक डुङ्गा हो, जुन जीवनरुपी यो भव सागर पार गर्नलाई हो। पार गरिसके पछि पनि बोकि राख्नका लागि होइन । उनको धर्मका संबन्धमा उनी आफैले त्यसो भनी सकेकाले अब कसैले पनि उनीमाथि आग्रह र पूर्वाग्रह राखी हेर्नु आवश्यक छैन । उनको धर्म अपनाउनु हुन्छ हुँदैन भनेर विवाद गर्नु आवश्यक छैन ।

तर उनको जुन शान्तिको सन्देश छ, मैत्रीको भावना छ र अहिंसाको सिद्धान्त छ, त्यो नेपालको वर्तमान परिप्रेक्ष्यमा अति आवश्यक छ । फेरी यी कुराहरु उनको धर्ममा भन्दा बढि दर्शनमा आधारित छ । ठूल्ठूला विद्वान र विचारकहरुले पनि उनको यो दर्शनलाई एक अर्काका पर्याय भनेका छन् । अहिंसा दर्शनबाट नै दिगो शान्ति स्थापना हुन्छ र देशको विकास हुन्छ। यो सबैको विश्वास हो। शाश्वत कुरा हो। यही कुरालाई हृदयंगम गरेर के हामी नेपालीहरुले शान्तिको सिद्धान्त अपनाएर दिगो शान्ति स्थापना गर्ने मार्ग खोज्न सक्दैनौं ? आफ्नै देशका महान दार्शनिकको कदर गरेर के हामीले शान्ति संस्कृतिको निर्माण गर्न सक्दैनौं ? नेपाली-नेपालीवीच मैत्री भावना कायम गरेर आपसमा मार्ने र मर्ने काम के हामीले सधैंका लागि परित्याग गर्न सक्दैनौं ? बौद्ध दर्शनको अध्ययनबाट यी सबै कुरा संभव छन् । त्यसकारण कम से कम एक दार्शनिक, महान दार्शनिकका रुपमा भगवान बुद्धलाई अघि सारेर हामी जान सक्यौं भने देश र समाजको स्थिति फेरिन सक्छ, जीवनको कायापलट हुन सक्छ र अहिलेको हत्या, हिंसा र युद्ध दिगो शान्तिमा परिणत हुन सक्छ। देशमा शान्तिको संस्कृति निर्माण हुनसक्छ । जसको परिणाम देशमा सँधैका लागि शान्ति आउन सक्छ, संवृद्धि पलाउन सक्छ र नेपाल र नेपालीको भविष्य उज्वल हुन सक्छ ।



का.जि.द.नं. ३३/०५३/०५४ - हु.द.नं. ०१/०५८/०५९

## न्यूङ्नी व्रत संपन्न

पोखरा/ बौद्ध अर्घौ सदन रामघाटद्वारा, हरेक वर्ष माघे औंसीको अवसर पारेर संचालन गर्दै आएको न्यूङनी व्रत यस वर्ष पनि औंसीको दिन शुरु भएर माघ २१ गते सु-सम्पन्न भयो। उक्त कार्यक्रममा लमजुङ्ग, काठमाण्डौ र पोखरा उपत्यकाका गरी कुल डेढ सय जना जति भक्तजनहरु व्रत बसेर पुण्यलाभ गरे । अन्तिम दिनमा छोरेपाटन गुम्बाका प्रमुख लामा श्रद्धेय गुरु टुल्कु लोप्साङ्ग झोमयाङ्ग रिन्पोचेले स्वेत तारा अभिषेक (वाङ्ग) प्रदान गर्नुभएको थियो ।

## विपश्यना ध्यान शिविर संपन्न

पोखरा/कास्की जिल्लाको लेखनाथ नगर पालिका-११, पचभैया स्थित धम्म पोख्खरमा दश दिवशीय विपश्यना ध्यान शिविर फागुन १७ गते सपन्न भयो । ध्यान शिविर फागुन ६ गते प्रारम्भ भएको थियो । धम्म पोख्खरमा दश दिवशीय ध्यान शिविर सचालन गरिएको यो पहिलो पटक हो ।

शिविरमा २१ जना साधकहरु सहभागी थिए । जसमध्ये १४ जना पुरुष र ७ जना महिला थिए ।

## क्षेत्रीय बौद्ध सम्मेलन संपन्न

पोखरा/ धर्मोदय सभा केन्द्रको आयोजना तथा धर्मोदय सभा कास्की शाखाको व्यवस्थापनमा पुष २२ र २३ गते पोखरामा पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन सपन्न भयो । सम्मेलनमा १५ जिल्लाका १५० जनाको सहभागिता रहेको थियो ।

सम्मेलनको उद्घाटन विधायिका संसदका सभामुख सुवास नेम्वाङ्गले गर्नु भएको थियो । पोखराको नयाँ बजारस्थित प्रदर्शनी केन्द्रमा आयोजित सम्मेलनको उद्घाटन भाषण गर्नु हुँदै उहाँले संविधान सभाद्वारा धर्म निरपेक्षतालाई संस्थागत गर्नुपर्ने बताउनु भयो ।

धर्मोदय सभाका केन्द्रीय अध्यक्ष साडपा रिम्पोछेको सभापतित्वमा भएको सभामा पूर्व अध्यक्ष लोकदर्शन बज्राचार्य, उपाध्यक्ष लक्ष्मीदास मानन्धर, महासचिव सुचित्रमान शाक्य, पश्चिमाञ्चल क्षेत्रीय प्रशासक मेदिनीनाथ शर्मा र पोखरा शाखाका अध्यक्ष सुवर्ण शाक्यले सम्मेलनको सम-सामयिकता र बुद्धधर्मको विविध पक्षमाथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रमको सञ्चालन धर्मोदय कास्कीका सचिव प्रकाश उदास र सहसचिव उत्तम बुद्धाचार्यले गर्नु भएको थियो ।

सम्मेलनमा विगत ४० वर्ष देखि निरन्तर बुद्ध धर्मको प्रचार प्रसार कार्यको लागि सेवा गरेकोमा तिलकमान गुभाजूलाई कदरपत्र प्रदान गरि सम्मान गरिएको थियो । सो कदरपत्र धर्मोदय सभा कास्कीका पूर्व सचिव कृष्णमान गुभाजूले पढेर सुनाउनु भएको थियो ।

सम्मेलनमा नेपालमा नै पहिलो पटक 'बुद्ध दर्शन'मा स्नातकोत्तर उत्तिर्ण गरेका त्रिविविका १५ जना विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो । त्यसरी सम्मानित हुने विद्यार्थीहरुमा सुरेन्द्रमान बज्राचार्य, हिराकाजी बज्राचार्य, जुजुकाजी महर्जन, माणिकरत्न शाक्य, महेन्द्ररत्न शाक्य, धर्मसुन्दर बज्राचार्य, त्रिरत्न मानन्धर, तीर्थरत्न शाक्य, पुष्परत्न शाक्य, गौतमवीर बज्राचार्य, रश्मि राजकर्णिकार, जुनुमैया बासुकला, इन्द्रसिद्धि बज्राचार्य र हिरण्यराज बज्राचार्य हुनुहुन्छ । समारोहमा त्रिविवि बौद्ध अध्ययन केन्द्रका विभागीय प्रमुख डा. नरेशमान बज्राचार्यलाई कदर पत्र प्रदान गरेर सम्मान गरिएको थियो । सम्मानपत्र र कदरपत्र धर्मोदय सभाका कोषाध्यक्ष रत्नमान शाक्यले पढेर सुनाउनु भएको थियो ।

समारोह पछि अध्यक्ष साडपा रिम्पोछेले वाङ (अभिषेक) प्रदान गर्नु भएको थियो ।

दोश्रो दिन सम्मेलनको मुख्य सत्रमा पोखराका तिलकमान गुभाजूले "बुद्धधर्मको विकासमा पश्चिमाञ्चल क्षेत्रको देन" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्र माथि काठमाण्डौका डा. त्रिरत्न मानन्धरले टिप्पणी गर्नु भएको थियो भने सहभागीहरुद्वारा प्रश्न र जिज्ञासा राख्नु भएको थियो ।

धर्मोदय सभाका पश्चिमाञ्चल हेर्ने उपाध्यक्ष लक्ष्मीदास मानन्धरको सभापतित्वमा भएको दोश्रो सत्रमा धर्मोदय सभाका शाखाहरुका प्रतिनिधिहरुले आ-आफ्नो शाखाको गतिबिधियुक्त प्रतिवेदन पेश गर्नु भएको थियो ।

त्यसपछि सम्मेलन संपन्न भयो ।

सम्मेलन भएको दुबै दिन बिहान बौद्ध विद्वान भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मशीला बुद्ध बिहारमा र शाक्य समाज भवनमा विशद् धर्म देशना गर्नु भएको थियो ।